# शिक्षण सिकाइमा उत्प्रेरणा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड)
दोस्रो वर्षको शैक्षिक योजना र व्यवस्थापन विषयको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र

**प्रस्तुतकर्ता**
नाम : लोकनाथ खतिवडा
त्रि.वि. दर्ता नं. ३६-०२२९३४
परीक्षा रोल नं. २०४००४९
क्याम्पस रोल नं. ५६

कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन
सुरुङ्गा-५, झापा
२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

# सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **लोकनाथ खतिवडाले** मेरो प्रत्यक्ष निर्देशनमा **शिक्षण सिकाइमा उत्प्रेरणा** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..२०७२/१०/०३......

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **लोकनाथ खतिवडाले शिक्षण सिकाइमा उत्प्रेरणा** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..............................

२. गोपीकृष्ण भट्टराई
शोध निर्देशक ..............................

३. उप-प्रा. शेषराज अधिकारी
वाह्य परीक्षक ..............................

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत दोस्रो वर्षको शैक्षिक योजना र व्यवस्थापन विभाग, स्नाकोत्तर तह (एम.एड) द्वितीय वर्षको आंशिक आवश्यक पूर्तिका लागि तयार गरिएको प्रस्तुत शोधपत्र शिक्षण सिकाइमा उत्प्रेरणासँग सम्वन्धित छ । विशेष गरि यो अध्ययन प्रतिवेदन तयारीका लागि आवश्यक पथप्रदर्शन गरी प्रस्तावना स्वीकृत गरिदिने तथा शोध निर्देशन गरिदिने सो विभागका उपप्राध्यापक श्री गोपीकृष्ण भट्टराईज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । त्यसै गरी आवश्यक सल्लाह तथा सुझाव दिई अध्ययनलाई पूर्ण बनाउन सहयोग गर्ने शिक्षाशास्त्र सङ्कायका प्रमुख आशा शिवाकोटी ज्यू, क्याम्पस प्रमुख टंकवहादुर कार्की ज्यू लगायत क्याम्पस परिवार प्रति म ऋणी छु ।

यस शोध अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउने ६ वटै विद्यालयका प्रधानानध्यापकहरु जसले आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद नदिइरहन सक्दिन । अध्ययनको क्रममा सहयोग गर्नुहुने विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु, शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरुले यो शोधलाई निष्कर्षमा पुऱ्याउन प्रश्नावली र छलफल मार्फत आवश्यक तथ्यगत तथ्याङ्क तथा धारणाहरु राखी सहयोग गरिदिनु भएकोमा धन्यवाद दिन चाहान्छु । सार्थ यो शोधलाई कम्प्युटर टाइप गरेर सहयोग गरिदिनु हुने श्री चन्द्र भट्टराई प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुलाई हृदय देखिनै हार्दिक धन्यवाद दिन चाहान्छु ।

लोकनाथ खतिवडा

# *शोधसार*

*"शिक्षण सिकाइमा उत्प्रेरणा" शीर्षकमा गरिएको यो अध्ययनको उद्देश्यहरु प्राथमिक तहको कक्षा शिक्षणमा उत्प्रेरणा र यसवाट विद्यार्थीमा पर्ने प्रभाव पत्ता लगाउन, सम्वन्धित सरोकारवालाहरुसँगै शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्था संकलन गरि सिकाइ उपलब्धीको असर पत्ता लगाउन र सिकाइमा पुरस्कार दण्डको प्रयोगको समस्या पत्ता लगाउनु रहेका छ । यस अध्ययनका उद्देश्यहरुको पूर्णता दिन ताप्लेजुङ जिल्लाका १४ वटा स्रोतकेन्द्रहरु मध्ये २ वटा स्रोतकेन्द्र भित्रका ३/३ वटा विद्यालय र अभिभावकहरु सँगै अन्तर्वाता, कक्षा शिक्षण अवलोकन विशेष शिक्षण सिकाइमा उत्प्रेरणाको लेखाजोखा गर्ने र सिकाइ उपलब्धीमा परेको प्रभाव अवस्था पत्ता लगाई त्यसमा पर्ने असर ती विद्यार्थीको विद्यालयमा रेकर्ड अध्ययन गरी सूचना संकलन गरिएको थियो । त्यसैगरी सूचनाको सहायक स्रोतको रुपमा विभिन्न पत्रपत्रिकामा छापिएका लेख, घटना तथा पुस्तकलाई लिइएको थियो ।*

*विद्यार्थीहरुलाई उत्प्रेरणा दिने व्यवस्था गरिएको भनि सवै विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुको पूर्ण रुपमा प्रयोग भएको राय प्राप्त भएको थियो । सँधै सफा सुग्गर भएमा, विद्यालय नीति नियम पालन गरेमा, विद्यालय समयमा आएमा, साथीहरु सँगै छलफल गरी सहपाठी सिकाइ गरेमा उत्प्रेरणा दिने व्यवस्था भएको छ भन्ने सर्न्दभमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरुबाट ४५ प्रतिशतको धारणा पाइयो भने अभिभावक र बाँकी सहभागीहरुको कुनै प्रतिक्रिया प्राप्त भएन ।*

*शिक्षण सिकाइमा सबै सरोकारवालाहरुको धारणा विद्यालयलाई बालमैत्रीपूर्ण बनाई शिक्षण सिकाइमा सुधारल्याई विद्यालयमा रहेको बाह्य वातावरण अन्तर्गत भौतिक व्यवस्था कक्षाकोठा, खेलमैदान, खानेपानी, शौचालय, शैक्षिक सामग्री जस्ता कुराले सिकाइ वातावरणमा प्रभाव पार्ने कुरामा सबैको एक मत देखिएको साथै शिक्षण सिकाइको अवस्था लेखाजोखा गर्दा कक्षाकोठाको वातावरणभित्र नियमित शिक्षण गर्नुपर्ने शैक्षिक सामग्रीको उचित प्रयोग, सहपाठी शिक्षण सिकाइ, समूहकार्य, निरन्तर विद्यार्थी मूल्याङ्कन, उदारकक्षोन्नति र विषयवस्तुमा आधारित शिक्षण कौशलता भित्र विविध पक्षको विषयमा प्रधानाध्याप र शिक्षकले १०० प्रतिशत प्रतिक्रिया दिए पनि विद्यालय व्यवस्थापन समिति*

तथा अभिभावकले भने धेरै अनभिज्ञताको प्रतिक्रिया दिएका थिए । विद्यार्थीहरुले पनि स्वअध्ययन सह तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट उत्साहित क्रियाकलपबाट मात्र शिक्षण सिकाइ दिगो र प्रभावकारी हुने कुरा बताएका थिए । बालबालिकाको चौतर्फी विकास भन्नाले शारीरिक वौद्धिक संवेगात्मक तथा सामाजिक विकासको लागि सबै सरोकारवादलाहरुले जस्तै विद्यार्थीले पनि शैक्षिक गुणस्तर विकासको पक्षमा जोड दिई सिकाइ उपलब्धीमा वृद्धि हुने प्रतिक्रिया जनाएका थिए । सिकाइ उपलब्धी सम्वन्धी समस्याहरु विद्यालयको भौतिक पक्षमा साथै शैक्षिक पक्षको समग्र सक्षमताले नै दिगो भर भरपर्दो विकास भै समय सापेक्ष सुधारोन्मुख हुने कुरामा दुईमत देखिदैन ।

पढाइमा तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने, सँधै कक्षाकार्य गर्ने, विभिन्न क्रियाकलापमा सहभागिता जनाउने र विजय प्राप्त गर्ने विद्यार्थीहरुलाई भौतिक, नगद तथा शाब्दिक पुरस्कार दिने गरेको प्रतिक्रिया पाइयो । पुरस्कार भने सवै विद्यालयमा परम्परागत शैलीमा दिने गरेको पाइयो ।

अन्त्यमा समग्रमा सरोकारवालाहरु सबैले शिक्षण सिकाइमा उत्प्रेरणाले सकारात्मक तथा सुधारोन्मुख उपलब्धि दिने कुरामा भने सबैको धारणा एउटै छ जसमा बालमनोवैज्ञानिक तथा हौसलामुखी वातावरणमा प्रभावकारी शिक्षण तरिकाबाट गर्नुपर्ने र दण्डको भन्दा विशेषतः उत्प्रेरणालाई विद्यालयमा वढी प्रयोग गरी कमजोर विद्यार्थीहरु समेतलाई उचित वातावरणको सिर्जना गरी निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतीको माध्यमबाट हौसलामुखी प्रक्रियाबाट शिक्षण गर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

# बिषयसूची


| क.स. | शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| | **परिच्छेद एक : परिचय** | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | नेपालमा उत्प्रेरणाको ऐतिहासिक पृष्ठभूमि | २ |
| १.२.१ | वर्तमान अवस्था | ५ |
| १.३ | समस्या कथन | ६ |
| १.४ | अध्ययनको औचित्य | ७ |
| १.५ | अध्ययनको उद्देश्य | ८ |
| १.६ | अध्ययनको परिसीमा | ८ |
| | **परिच्छेद दुई : साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१०-१६** |
| २.१ | साहित्यको समीक्षा | १० |
| २.२ | सैद्धान्तिक खाका | १४ |
| २.३ | शैक्षिक उपादेयता | १६ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | **१७-२२** |
| ३.१ | अनुसन्धान ढाँचा | १७ |
| ३.२ | जनसंख्या र नमूना | १७ |
| ३.३ | नमुना छनोटको विधि | १९ |
| ३.४ | अध्ययनका साधनहरु | १९ |
| ३.४.१ | अन्तर्वार्ता प्रश्नावली | १९ |
| ३.४.२ | प्रत्यक्ष/अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन | १९ |
| ३.४.३ | विद्यार्थी अभिलेख अध्ययन | २० |
| ३.४.४ | घटना अध्ययन | २० |
| ३.४.५ | लक्षित समुदायसँग छलफल | २० |
| ३.५ | तथ्याङ्क संकलनका स्रोतहरु | २० |
| ३.५.१ | प्राथमिक स्रोत | २० |
| ३.५.२ | द्वितीय स्रोत | २१ |

| | | | |
|---|---|---|---|
| ३.६ | | तथ्याङ्क सङ्कलन प्रक्रिया | २१ |
| ३.७ | | तथ्याङ्कको विश्लेषण | २१ |
| | | **परिच्छेद चार : नतिजाको छलफल** | **२३-३८** |
| ४.१ | | शिक्षण सिकाइमा उत्प्रेरणा प्रयोगको अवस्था | २३ |
| | ४.१.१ | भौतिक व्यवस्थापन सुधार सम्बन्धी अवस्था | २४ |
| | ४.१.२ | कक्षा शिक्षणको पूर्व तयारीको अवस्था | २५ |
| | ४.१.३ | वालमैत्रीपूर्ण शिक्षणको प्रयोगको अवस्था | २६ |
| | ४.१.४ | शैक्षिक सामग्रीको प्रयोगको अवस्था | २७ |
| | ४.१.५ | निरन्तर विद्यार्थी मूल्याङ्क प्रयोगको अवस्था र सिकाइमा प्रभाव | २७ |
| | ४.१.६ | विद्यालयमा पुरस्कारको अवस्था | २८ |
| | ४.१.७ | उत्प्रेरणाको प्रयोगको अवस्थाको विश्लेषण | ३० |
| ४.२ | | उत्प्रेरणाको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धीमा पारेको प्रभावको अवस्था | ३१ |
| | ४.२.१ | विद्यार्थीसँगको अन्तरक्रिया | ३२ |
| | ४.२.२ | उत्प्रेरणाले सिकाइमा पारेको सकारात्मक प्रभाव | ३३ |
| | ४.२.३ | उत्प्रेरणाले सिकाइमा पारेको नकारात्मक प्रभाव | ३५ |
| ४.३ | | सिकाइमा उत्प्रेरणा प्रयोग सम्बन्धी समस्या | ३५ |
| | ४.३.१ | शिक्षक उत्प्रेरणाका समस्याहरु | ३५ |
| | ४.३.२ | भौतिक सुविधा विस्तारले उत्प्रेरणाका समस्याहरु | ३५ |
| | ४.३.३ | शिक्षकको कौशल क्रियाकलापको समस्या | ३६ |
| ४.४ | | शिक्षण सिकाइ उत्प्रेरणा सम्बन्धी सरोकारवालाहरुको धारणा | ३६ |
| | | **परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु** | **३९-४६** |
| ५.१ | | निष्कर्ष | ४० |
| ५.२ | | सुझावहरु | ४२ |
| | ५.२.१ | नीतिगत तह | ४२ |
| | ५.२.२ | अभ्यास तह | ४३ |
| | ५.२.३ | अनुसन्धान तह | ४६ |
| | | सन्दर्भ सामग्री | |
| | | अनुसूचि | |

# तालिका सूची

तालिका १ : शिक्षण सिकाइमा उत्प्रेरणा प्रयोगको अवस्था २३
तालिका २ : भौतिक व्यवस्थापन सुधार सम्बन्धी अवस्था २५
तालिका ३ : कक्षा शिक्षण पूर्व तयारीको अवस्था २६
तालिका ४ : बालमैत्री शिक्षण प्रयोगको अवस्था २६
तालिका ५ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था २७
तालिका ६ : वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया २९
तालिका ७ : उत्प्रेरणाको प्रकारबारे प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन अध्यक्षको प्रतिक्रिया ३०
तालिका ८ : संयुक्त बैठक सम्बन्धी अवस्था ३२
तालिका ९ : विद्यार्थीसँगको अन्तरक्रियाका आधारमा शिक्षण सिकाइमा उत्प्रेरणाले सिकाइ उपलब्धी बृद्धि गर्नका लागि प्राप्त प्रतिक्रिया ३३

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आजको युगमा शिक्षा अनिवार्य र अपरिहार्य वन्दै गइरहेको छ । यो कुरा शिक्षाको प्रतिफलको रुपमा आएको परिणामबाट स्पष्ट हुन्छ । प्रत्येक क्षेत्रको सन्तुलित विकास गर्न शिक्षा महत्वपूर्ण छ जसले सर्वपक्षको समुचित उपयोग गरी समृद्ध र सवल समाज निर्माणमा मद्दत पुऱ्याउँछ जुन आफैमा सार्न्दभिक, सहज तथा चुनौतिपूर्ण छ । मानव विकासका क्रममा पनि यही कुरा औपचारिक वा अनौपचारिक रुपमा आफ्ना पूर्खाहरु वा अगुवाहरुले गरेको कामलाई एक पिंढीवाट अर्को पिंढीसम्म हस्तान्तरण गर्दै ज्ञान, सीप र अभिवृतिले तीव्रता पाइनै रहेको वर्तमान अवस्थासम्म आइपुग्दा विज्ञान र प्रविधिले ल्याएको चुनौतिलाई विकासको फल मानिएको छ जुन शिक्षाको सवल उपलब्धि मानिन्छ । शुरुमा व्यक्तिगत धारणाको आधारमा आ-आफ्नो रीतिरिवाज, धर्म, संस्कृतिको अनुसार मठ, मन्दिर, चैत्य, गुम्वा आदिमा सिकारुहरुलाई शिक्षा दिन शुरुवात गरियो (शर्मा एण्ड शर्मा, २०६८) ।

विश्वको विभिन्न ठाँउमा भएका सभ्यता र संस्कृतिको विकासको परिणाम सँगै समाज विकास क्रम शुरु भयो । यसै क्रममा शिक्षाका आधार स्तम्भहरु निर्माणमा जोड दिइयो । परिणाम स्वरुप समाज विकास तथा सञ्चालन गर्ने, सामाजिक प्रणालीलाई पूर्णता दिन शिक्षा अपरिहार्य तथा अत्यावश्यक मानियो र आजको अवस्थामा आइपुग्दा धेरै मुलुकहरुको औद्योगिक क्रान्ति सफल रह्यो ।

शिक्षा समाज विकासको एउटा सहायक प्रणालीको रुपमा निर्माण भयो । शिक्षा समाज विकासको मेरुदण्डको रुपमा विकसित भइ रहदाँ सिकाइमा प्रत्यक्ष उत्प्रेरणा र सवलीकरणको जरुरत पर्दछ । यसै सन्दर्भमा पुरस्कार र दण्डले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको अवस्था छ । उत्प्रेरणा प्रक्रियाको लागि नेपालमा विभिन्न समयमा विभिन्न रुप अवस्था र चरण पार गर्दै अल्पकालिन तथा दीर्घकालिन रुपमा शिक्षाको विकास गर्न केहि हदसम्म सफल भएको मानिन्छ । यसै सन्दर्भमा निम्नानुसारका कुराहरुको चर्चा गर्नु उचित मानिन्छ ।

## १.२ नेपालमा उत्प्रेरणाको ऐतिहासिक पृष्ठभूमि

नेपालको प्राचिनकालमा कुनै प्रकारको औपचारिक शिक्षा प्रणालीको विशेष ढाँचा, पाठ्यक्रम तथा बनौट थिएन । त्यसबेला मानिसहरु साँस्कृतिक र परम्परागत मूल्य र मान्यताको आधारमा समाज सञ्चालन गर्दथे । त्यस वेलामा नेपालको शिक्षाको संरचनाको पहिलो आधार बाबुआमा थिए जसले बाबुले छोरालाई र आमाले छोरीलाई व्यवहार, रीतिरिवाज र परम्पराको आधारमा शिक्षा दिने गरिन्थ्यो । साँच्चिकै नेपालमा शिक्षाको शुरुवात भने गुरुकुल शिक्षा प्रणालीबाट भएको मानिन्छ । गुरुकुल शिक्षा प्रणालीमा निर्दिष्ट नीति तथा नियमहरु, पाठ्यक्रम र शिक्षण विधि थिएनन् र गुरुले जे निर्देश गर्‍यो त्यसैलाई आधार मानेर हिन्दु, वौद्ध धर्मका ग्रन्थहरु कडा अनुशासन दिई शिक्षण गरिन्थ्यो यदि कसैले गुरुको आज्ञा वा आदेश पालना गरेन भने ठूलो जरिवान गरिन्थ्यो ।

नेपाल प्राचिनकाल पछिको शिक्षाको वौद्धिक कालको शिक्षा भनेर चिनिन्छ जस अर्न्तगत सिकारुले आमाबुबा र गुरुलाई भगवानको रुपमा लिई गुरुकुल, ऋषिकुल, देवकुल, पितृकुल जस्ता शैक्षिक संस्थाहरुको स्थापना भयो । त्यसमा विद्यार्थीहरुलाई मध्यस्थताको र नकारात्मक सोचाइलाई दुर गर्ने क्रियाकलापको आवश्यकता पर्दथ्यो । त्यसरी नै वौद्ध शिक्षा प्रणालीमा विद्यार्थीहरुले घर छाड्नु पर्ने गुम्बा वसेर वौद्ध धर्म ग्रन्थका ठूल्ठूला महाकाब्य कडा नियम र नीतिलाई अनुसरण गरी अध्ययन गर्दथे । तसर्थ त्यसवेलाका कुनैपनि शिक्षा प्रणाली विकासमा आधारित थिएनन किनभने सिकारु कैदी जस्तो र शिक्षक कारागारको अध्यक्ष जस्तो गरि शिक्षा दिने गरिन्थ्यो । लिच्छवीकाललाई नेपालको स्वर्ण युग भनिन्थ्यो । यद्यपी त्यसवेलाको शिक्षा प्रणाली परम्परागत मान्यता र शिक्षक केन्द्रित मान्यतामा नै आधारित थियो । वि.सं. १९९० मा जंगवहादुर राणा वेलायतवाट फर्किएपछि आफ्ना भाइ भारदारलाई शिक्षा दिनका लागि विद्यालयको स्थापना गरे तर शिक्षण विधिमा कुनै प्रकारको परिवर्तन थिएन । वि.सं. २००७ सालको प्रजातन्त्र पछि द्रुतगतिमा नेपालमा विद्यालयको स्थापना हुन शुरु भयो । प्रजातन्त्रको प्रादुर्भाव सँगै नेपालमा शिक्षा क्षेत्रको सुधार गर्न विभिन्न राष्ट्रिय स्तरका समिति तथा आयोगहरुको गठन गरी सोहि अनुरुप शिक्षाका नीति नियमहरुको निर्माण भयो । यसरी हेर्दा राष्ट्रिय शिक्षा योजना आयोग २०११ र २०१९ सालको राष्ट्रिय शिक्षा समितिले केहि प्रजातान्त्रिक

प्रणालीको शुरुवात भयो । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धति योजना लागु भएपछि शिक्षासँग सम्वन्धित नियम, ऐनको निर्माण भयो र सोहि अनुरुप विद्यालय संरचनाको कमी मनोविज्ञानको अभाव र निरङ्कुश शिक्षण प्रणालीको कारण सिकारुको मनोगत भावनाको कदर नगरी स्वतन्त्र सिकाइ वातावरण नभएको महशुस गरी वि.स. २०४९ मा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यी सवै कुरालाई विचार गर्दा नेपालको शैक्षिक इतिहास पूर्ण रुपले शिक्षकमा आधारित प्रविधि र निरङकुश पद्धतिमा विकास हुदैं आएको पाइन्छ (शर्मा, २०५७) ।

नेपालको शैक्षिक इतिहासमा भएका विभिन्न प्रकारका परिवर्तनहरु मध्ये उदार कक्षोन्तति पनि एक हो । यसले विद्यार्थीहरुमा केहि हदसम्म सकारात्मक प्रभाव पारेको पाइन्छ । निरन्तर मूल्याङ्कन प्रणालीले प्राथमिक तहको शिक्षण सिकाइ क्रियाकलापलाई सहज तथा पूर्ण प्रभावकारी वनेको छ । जसले गर्दा दण्डलाई केहि हदसम्म निरुत्साहित गरी पुरस्कारलाई स्थान दिइएको विद्यार्थीहरुले महशुस गरेको अनुभूति पाइन्छ ।

नेपालको छिमेकी देश भारतको शैक्षिक व्यवस्थालाई हेर्दा विविधता पाइन्छ । त्यहाँ सञ्चालित विद्यालयहरु राज्य सरकार र केन्द्रिय सरकारको प्रत्यक्ष रेखदेख, नियन्त्रण, निर्देशन तथा अनुदानमा सञ्चालित छन । एजुकेशनल रिपोर्ट अफ सिक्किम, २००१३ का अनुसार सिक्किम प्रान्तको शैक्षिक व्यवस्थापनमा उत्प्रेरणा महत्वपूर्णको महत्वपूर्ण भूमिका रहेको त्यसमा उल्लेख भए अनुसार कुनै क्षेत्रमा २० जना वालवालिका पुगेमा त्यस ठाँउमा स्कुल स्थापना गरी उनीहरुका लागि विद्यालय पोशाक, दिउँसोको खाना, जुत्ता, टाई वेल्ट, पुस्तक, झोला र प्रत्येक दिन घरवाट विद्यालय पुऱ्याउने व्यवस्था गर्ने गर्दछ । यो व्यवस्था सवै विद्यालयमा उपलब्ध छ । विशेष गुण भएका विद्यार्थीहरुलाई प्रति ६ महिनामा उत्प्रेरणाको लागि नगद तथा भौतिक पुरस्कार दिने व्यवस्था, अनुसन्धान गर्ने विद्यार्थीहरुलाई सरकारको तर्फवाट पूर्ण सहयोग, उचित कारण सहित सरकारी विभिन्न निकायमा निवेदन दिइएमा ३ वर्ष सम्मका लागि निःशुल्क कर्जाको व्यवस्था गरिएको छ ।

सिकाइसँग सम्वन्धित शिक्षण विधिहरु र तिनीहरुसँग सम्वन्धित सिद्धान्तहरु विभिन्न प्रकारका दार्शनिक मान्यताहरुको आधारमा विकसित भएका छन । प्रकृतिक दर्शनको सिद्धान्तले प्राकृतिक वातावरणमा स्वतन्त्र छोडिदिनु पर्छ र उसको सिकाइ

हुन्छ भनिएको छ भने प्रयोगवादी सिद्धान्तले नयाँ नयाँ कैशलहरुको परिवर्तन गरी सिकाइलाई सहज वनाउन सकिने उल्लेख छ । हिन्दु, वौद्ध दर्शनले सिकारुहरुलाई तिनीहरुको खराव आचरणको विरुद्ध दण्ड दिनु पर्छ र राम्रो काम गरेमा पुरस्कार समेत गर्नुपर्छ भनिएको छ (शर्मा एण्ड शर्मा २०६८) ।

यस दार्शनिकशास्त्रको रुपमा विश्लेषण गर्दा विभिन्न प्रकारका प्रयोग गर्न सकिने प्रायोगिक धारणाहरुको विकास गर्न सिकाइमा पुरस्कारले सकारात्मक र दण्डले नकारात्मक रुपवाट उत्प्रेरणाको सृजना गर्ने कुरा उल्लेख गरिएको छ । "भूल र प्रत्यत्न" को सिद्धान्त अनुसार सिकाइमा पुरस्कार र दण्डले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने कुरा दर्शनशास्त्रले स्पष्ट पारेको छ । सिकाइ पुरस्कारलाई दण्ड भन्दा धेरै गुणा वढि सवल मानिन्छ । थर्नडाइकका अनुसार "दण्डभन्दा पुरस्कार धेरै शक्तिशाली हुन्छ" ।

स्किरका अनुसार " खराव बानी नियन्त्रण गर्नका लागि दण्ड र पुरस्कारको प्रयोग गरिन्छ ।" सुरेश वोहोराले तयार गरेको अनुसन्धान प्रतिवेदन (२०६६) अनुसार र सेभ द चिल्ड्रेन (२००८) ले स्पष्ट गरेको छ "Physical and Psychological punishment in the use of physical force of humiliating treatment causing some degree of pain of discomfort in order to discipline, correct, control, change bevour in belief of educating/ bringing up the child ."

धेरै दर्शनशास्त्रीले उत्प्रेरणाका लागि पुरस्कारले सकारात्मक प्रभाव र दण्डले नकारात्मक प्रभाव पारी सिकाइका उपलब्धीहरु फरक फरक हुने गरेका वताएका छन । दार्शनिक सुकरातले पनि पुरस्कारले सिकाइलाई द्रुत वृद्धि गर्न मद्यत गर्दछ । पुरस्कले क्षमतामा वृद्धि गर्दै सृजनात्मक कुराको विकासमा उत्प्रेरणा जगाउँछ भने दण्डले कहिलेकाही क्षणिक सिकाइको लागि नकारात्मक संवेग सृजना गरी व्यवहारमा परिवर्तन ल्याउने कुरा उल्लेख गर्नुभएको छ । तसर्थ पुरस्कारले सधै सिर्जनात्मक सिकाइलाई सिकारुको व्यवहारीक पक्षको पूर्ण परिवर्तनमा जोड दिई अधि वढ्छ भने दण्डले पूर्ण असन्तुष्टिवाट व्यवहारमा क्षणिक परिवर्तन ल्याउने कुरा दार्शनिकहरुले उल्लेख गरेका छन ।

आजको शैक्षिक विकासको क्रममा उत्प्रेरणाले मनोवैज्ञानिक र दीर्घकालिन असर पार्छ, शारीरिक र मनोवैज्ञानिक रुपबाट पनि सिकाइमा उत्प्रेरित गर्दछ । प्राचिन समयदेखि निरन्तरता पाउदै आएको सिकाइको साझा समस्या निराकरणको विधि मानिएको विधि अहिले आएर यो अवैध सिकाइ प्रक्रियाको माध्यम हो । वाल अधिकारको संरक्षण गर्नुपर्छ भनेर विभिन्न सेमिनार, गोष्ठी, प्रवचन आदिवाट शिक्षा क्षेत्रमा संलग्न मानवअधिकारवादी संघ संस्थाहरु, गैरसरकारी संघ संस्थाहरुले अघि सारे पनि यो अझै रहिरहेको र वालअधिकारको पूर्ण रक्षा हुन सकिरहेको छैन । दण्ड र पुरस्कारको अवस्थालाई हेर्‍यो भने विकसित देश वा क्षेत्रमा दण्डको प्रभाव नभएको उत्प्रेरणाका लागि पुरस्कारको स्थान राम्रो रहेको अवस्था छ भने अल्पविकसित देशहरुमा ठीक विपरित व्यवस्था छ ।

सिकाइको सन्दर्भमा प्राथमिक तहमा उत्प्रेरणाको लागि पुरस्कार र दण्डको सम्वन्धमा विभिन्न विचार तथा धारणाहरु सिकारुको व्यवहार परिवर्तन गर्न सिकेको ज्ञान, सीप, अभिवृद्धिलाई दिगो पूर्ण र प्रभावकारी रुपमा प्रयोग गर्ने औजारको रुपमा विकसित हुँदै आएको पाइन्छ । पुरस्कार शिक्षण प्रक्रियामा दण्डलाई निरुत्साहित गर्ने उद्देश्यले प्रयोगमा ल्याएको पाइन्छ । यसै सन्दर्भमा Young (Motivation 1987,12-15) को एउटा भनाई के छ भने "शिक्षक सिकारुको आवश्यकता अनुभव भन्दा पनि उनीहरुलाई मैत्रीभावपूर्ण व्यवहारवाट उत्साहित गर्नु पर्दछ ।"

### १.२.१ वर्तमान अवस्था

उत्प्रेरणामा पुरस्कारको महत्व अन्यन्तै गहन छ । पुरस्कारको उपयोगवाट सिकारुले पाएको ज्ञान दिगो प्रभावकारी तथा अर्थपूर्ण भएको पाइन्छ । नेपालका विद्यालयहरुमा पुरस्कारको संस्थागत विकास भैसकेको अवस्था छैन भने यसलाई निरन्तर रुपमा अगाडि वढाउनु पर्ने अवस्था छ । नेपालीहरुले आफ्ना वालवालिकाहरुको अवस्थालाई ध्यान दिएर आर्थिक, साँस्कृतिक, राजनैतिक, सामाजिक, शैक्षिक र एक सफल नागरिकको दृष्टिकोणले वच्चालाई उत्प्रेरणा दिनुपर्छ भन्ने कुरामा सतर्कता अपनाएको पाइन्छ । हाल सिकारुहरुलाई धेरै पुरस्कारहरु दिएर सम्मान गरेको पाइन्छ भने विभिन्न शैक्षिक कार्यक्रमहरुको माध्यमवाट विद्यालय तथा समूदाय (घरपरिवार) मा दण्डलाई निरुत्साहित गर्ने र पुरस्कारजन्य व्यवहार वा वालमैत्री वातावरण कायम गर्ने कार्य सवैले गर्न आवश्यक महशुस भएको छ । अव

अनुशासन कायम गर्ने वाहनामा विद्यार्थीहरुलाई दण्ड दिने कार्यको घट्दो अवस्था र पुरस्कार वा वालमैत्रीपूर्ण व्यवहारको वढ्दोक्रम रहेको छ । सरकारले दिइरहेका छात्रवृतिले पनि उत्प्रेरणाको रुपमा आएको पाइन्छ ।

## १.३ समस्या कथन

शिक्षण सिकाइमा उत्प्रेरणाले विद्यालयमा भर्ना गराउन, भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाउन र गुणस्तरीय शिक्षा प्रदान गरी शैक्षिक बजारमा प्रतिस्प्रर्धा गराई आजको आवश्यकता पुरा गराउनु मुख्य समस्याको रुपमा देखापरेको छ । यसै सन्दर्भमा नेपालका लाखौं वालवालिका शिक्षा प्राप्त गर्नवाट वञ्चित छन भने हजारौं विद्यालय उमेर समूहका वालवालिकाहरु घरायसी काम, वस्तु चराउने, दाउरा वा अन्यवस्तु संकलन गर्ने, खेतवारीमा काम गर्ने र श्रमिकको रुपमा होटल घर आदिमा काम गरिरहेका छन । दुर्गम तथा अति अविकसित क्षेत्रका सयौं वालवालिकाहरु सडकमा जीवन विताउन वाध्य भइरहेका छन भने उनीहरुको भविष्य विद्यालय शिक्षाको पहुँच भन्दा वाहिर रहेको छ । यस्तो अवस्था विकसित गर्न वितरण गरिएका पुरस्कार (छात्रवृति) लाई महत्वपूर्ण मानिन्छ ।

सिकाइको सवल पक्ष मानिएको उत्प्रेरणा व्यवहारीक प्रयोजनमा स्थापित गर्ने क्रियाकलाप विभिन्न रुपवाट अघि वढिरहेता पनि प्राचिन काल देखि स्थापित सिकाइको आधार मानिएको दण्डवाट आएको परिणामका घटनाहरु धेरै जटिल भएको पनि पाइएको छ ।

हुन त नेपालको शैक्षिक क्षेत्रमा उत्प्रेरणाको व्यवस्था हुँदै नभएको भने होइन । नेपाल सरकारले विभिन्न रुपवाट सिकाइलाई पूर्ण, प्रभावकारी, दिगो र व्यवहारीक वनाउन उदार कक्षोन्नती तथा छुट्टै प्रोत्साहन रकम प्रति विद्यार्थी उपलब्ध गराएर प्रयोग गर्दै आएको अवस्था छ । सरकारी स्रोतवाट छात्रा, दलित, सिमान्तकृत, अपाङ्ग, लोपोन्मुख जातीको नामवाट पुरस्कार स्वरुप छात्रावृति दिँदै आएको पाइन्छ । त्यसै गरी विभिन्न गैह्र सरकारी संस्थाले समेत विभिन्न नामवाट छात्रावृति र पुरस्कार दिने गरेको पाइन्छ । हाल माध्यमिक तहसम्म सरकारी तवरबाट निःशुल्क पाठ्यपुस्तक प्रदान गर्ने व्यवस्था रहेको छ । सिकाइ क्रियाकलापसँग सम्वन्धित विषयवस्तुमा विद्यार्थीहरुलाई विभिन्न प्रकारका दण्डहरु दिने प्रचलनको भने अन्त्य भएको छैन । वालमैत्री शिक्षा, मानव अधिकार, वाल

अधिकारले जे जे कुरा उल्लेख गरेपनि प्राथमिक तहमा सिकारुको इच्छा, चाहना, रुचि अनुरुपको सिकाइ हुन नसकेको कुरा यथार्थ छ । अतः दण्डको माध्यमवाट विद्यार्थी भयले सिक्ने गर्दछन । जुन स्वतःस्फुर्त अभिप्रेरित हुँदैनन भने उत्प्रेरणाको रुपमा सवलीकरणको माध्यमवाट सिकेको कुरा दीर्घकालिन, दिगो र पूर्ण हुने गरेको अवस्था छ तर यो कुराको वास्तविक रुपमा प्रयोग नभएको वा सिकाइ किन प्रभावकारी हुन सकेन भन्ने विषयलाई मुख्य समस्या ठानी यो अध्ययन अनुसन्धान गर्न लागिएको छ ।

नेपालको सामुदायिक विद्यालयको प्राथमिक तहमा उत्प्रेरणाको अवस्थालाई अध्ययन गर्दा प्राथमिक तहको सिकाइ क्रियाकलापमा उत्प्रेरणा किन प्रयोग गर्ने ?, कस्तो कस्तो प्रकृतिको पुरस्कारहरु प्रयोग गरिएको छ ?, वालशिक्षण सिकाइ क्रियाकलापमा पुरस्कारको प्रमुख प्रभावहरु के छन ?, वच्चालाई उत्प्रेरणाको अवश्यकता छ ?, उत्प्रेरणाको रुपमा पुरस्कारले सिकारुलाई सिकाइको कस्तो प्रभाव राखेको छ ? जस्ता प्रश्नहरुको उत्तरको आधारमा अध्ययन अनुसन्धान गरिएको छ ।

## १.४ अध्ययनको औचित्य

प्रत्येक अनुसन्धानहरु आ-आफ्नो क्षेत्रमा महत्वपूर्ण मानिन्छन र शैक्षिक अनुसन्धानले शिक्षक, अभिभावक, विद्यालय प्रशासनलाई शिक्षा मन्त्रालय अन्तरगतका कर्मचारीहरुलाई, पाठ्यक्रम निर्मातालाई, शिक्षाविद्लाई र विद्यार्थीहरु समेतलाई शैक्षणिक सामाग्रीको रुपमा एउटा उपयोगी विधिको रुपमा प्रयोग गर्न सकिने भएकाले यो अध्ययनको औचित्य रहेको छ । त्यसमा पनि एउटा असल शिक्षकको लागि सकारात्मक धारणाको विकास गराउन महत्वपूर्ण हुन्छ । प्रस्तावित अध्ययनले नीति निर्माण तहमा उत्प्रेरणाको प्रभाव र सवलीकरणका लागि स्रोत सामाग्रीका रुपमा सहयोग पुऱ्याउने छ । विद्यालयको सेवा क्षेत्र भित्रका विद्यार्थी विद्यालयको पहुँचभित्र ल्याउने, विद्यालयमा प्रवेश गरिसकेका विद्यार्थीलाई विद्यालयको शिक्षण सिकाइ वातावरणमा रमाउने र गुणस्तरीय शिक्षा प्रदान गर्दै विद्यार्थीको सहज उपस्थिति, विद्यार्थीले कक्षा छोड्ने दरमा ह्रास, विद्यार्थीको शैक्षिक उपलब्धी दिगो तथा प्रभावकारी र विषयवस्तु प्रतिको चासो, शिक्षक विद्यार्थी बीचको सुमधुर सम्वन्ध, विद्यार्थी विद्यार्थी बीच सहयोगात्मक प्रगाढ सम्वन्ध, विद्यालय अभिभावक बीच सुमधुर सम्वन्ध, शिक्षक अभिभावक बीच मैत्रीपूर्ण

सम्वन्ध रही कार्यान्वयनको तहमा सिकाइमा उत्प्रेरणाको माध्यमवाट शैक्षिक पहुँच र सिकाइ उपलब्धी वृद्धि गर्न सहायक सामाग्रीको रुपमा सहयोग गर्नेछ । त्यस्तै सिकाइमा उत्प्रेणाले खेलेको प्रभावको विषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई प्रस्तावित अध्ययनले स्रोत सन्दर्भ सामाग्रीका रुपमा सहयोग पुऱ्याउने छ । साथै उल्लेखित विषयमा अध्ययन गर्नु आजको आवश्यकता महशुस गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

यो अध्ययनको समाप्तिपछि भावि खोज अनुसन्धानकर्ता, शैक्षिक प्रशासक, शिक्षा सम्बद्ध नीति निर्माता, शिक्षाविद्, समालोचक, विद्यार्थी, अभिभावक, शिक्षक तथा शिक्षा सम्बद्ध सरोकारवालाहरु सबैलाई यसले मद्दत पुऱ्याउन सक्छ भन्ने कुरामा विश्वस्थ रहन सकिन्छ ।

## १.५ अध्ययनको उद्देश्य

यो अध्ययन शिक्षण सिकाइमा उत्प्रेरणाको कुराहरु अनुसन्धान गर्ने उद्देश्यले तय गरिएको छ ।

क) शिक्षण सिकाइमा उत्प्रेरणाको प्रयोगको लेखाजोखा गर्न ।

ख) उत्प्रेरणाको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धीमा परेको प्रभाव अवस्था पत्ता लगाउन ।

ग) सिकाइमा उत्प्रेरणा प्रयोगको सम्वनेध समस्या पत्ता लगाउन ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन प्रतिवेदन निश्चित परिधिमा रही प्राप्त सामाग्रीको उपयोग गर्दै समयावधि र अवस्थाको आधारमा अध्ययन गरिएको छ ।

यो अध्ययन ताप्लेजुङ जिल्लाको १४ वटा स्रोत केन्द्रहरु मध्ये २ वटा स्रोतकेन्द्रहरु तेल्लोक उ.मा.वि. स्रोत केन्द्र र भञ्याङ उमावि स्रोतकेन्द्र भित्र सञ्चालित ३/३ वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा सीमित गरिएको छ । अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहमा शिक्षणमा भएका उत्प्रेरणाहरुको प्रयोगमा केन्द्रित गरिएको छ । नमूना छनौटमा परेका जनसंख्याबाट प्राप्त प्राथमिक तथ्याङ्क र सम्वद्ध विद्यालयबाट प्राप्त अभिलेख अध्ययनबाट संकलित माध्यमिक तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजामा अध्ययनलाई सीमित गरिएको छ साथै अध्ययनको क्रममा प्रयोग गरिएका अध्ययनका साधन परीक्षण नगरी प्रयोगमा

ल्याइएको छ र उक्त साधनहरूको प्रयोगबाट सङ्कलित तथ्याङ्कलाई विश्लेषण गरी प्राप्त निष्कर्ष तथा उपलब्धि नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयको एक एक जना प्रधानाध्यापक, एक एक जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष, दुई दुई जना शिक्षकहरू, एक एक जना अभिभावक र अठार जना विद्यार्थीहरूबाट प्राप्त सूचनाका आधारमा निश्चित गरिएको छ।

विषयवस्तुको व्यापकता, सीमित स्रोत साधन, छोटो समय अवधिको कारणले पनि यस अध्ययनलाई सम्पूर्ण विद्यालयमा समेट्न कठिनाइ पर्ने हुनाले सीमित विद्यालयलाई मात्र अध्ययनका लागि छनौट गरिएको छ। जसको विवरण अनुसूची ५, ६, ७ र ८ मा उल्लेख गरिएको छ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययनलाई प्रभावकारी बनाउन शिक्षण सिकाइमा के कस्ता खोज अध्ययन तथा लेखन भएका छन् भनी तिनीहरूको अध्ययन र समीक्षा गर्नु सान्दर्भिक हुन्छ । शिक्षण सिकाइमा उत्प्रेरणा सम्बन्धी केही ऐन नियम, निर्देशिका, लेख, रचना, पुस्तिका, अध्ययन प्रतिवेदन तथा सिफारिसहरू उपलब्ध भएपनि यस सम्बन्धी विश्लेषणमा आधारित पूर्व साहित्यका विविध सामग्रीहरू पर्याप्त उपलब्ध पाइएका छैनन् । यद्यपि अध्ययनको प्रस्तुत विषय नयाँ भएको हुँदा यस विषयमा सान्दर्भिक भएका अध्ययन अनुसन्धान, लेख, रचनाहरू, निर्देशिका तथा सीमित दस्तावेजहरूको अध्ययन गरी शोध शीर्षकलाई दिशावोध गराउने प्रयास केही प्राप्त साहित्यका सामग्रीहरूको समीक्षा वा पुनरावलोकन गरिएको छ ।

## २.१ साहित्यको समिक्षा

एउटा असल अनुसन्धान कार्य गर्नका लागि सम्वन्धित विषयमा अनुसन्धानकार्ताले गहन अध्ययन गर्न सहज रुपमा कार्यको योजना वनाउन तथा अनुसन्धानलाई उदेश्य अनुरुप सान्दर्भिक रुपले समापन गर्न आफ्नो विषयसँग नजिक रहेका साहित्यको अध्ययन गर्न आफ्नो विषयसँग नजिक रहेका साहित्यको अध्ययन गर्न आवश्यक हुन्छ ।

साहित्यको पुनरावलोकनले अनुसन्धान गर्न सफल पार्नको साथै अनुसन्धान गर्न सफल पार्नको साथै अनुसन्धानकर्ताको विषयवस्तुसँग सम्वन्धित ज्ञान वृद्धि र सीप जसले गर्दा अनुसन्धानका प्रश्नहरुलाई सामान्यीकरण गर्न मद्दत गर्दछ । यो अध्ययनलाई निश्कर्षमा पुऱ्याउन अनुसन्धानकर्ताले धेरै पुस्तकालय, स्रोतकेन्द्र अभिलेख, जिल्ला शिक्षा कार्यालय ताप्लेजुङवाट समेत आवश्यक तथ्याङ्क र सम्वन्धित सामाग्रीहरु लिनु गर्दछ । यस अनुसन्धान सँग सम्वन्धित पुस्तकहरुको समेत आवश्यकता पर्दछ ।

शिक्षा विभागद्वारा गरिएको अध्ययन प्रतिवेदन (२०६३/०६४) को नेपाली रुपान्तरणमा ३ वटा घटनालाई उल्लेख गरिएको छ । घटना १, डडेलधुरा जिल्लाको एउटा विद्यालयमा अध्ययनरत तेजकुमारी महताराको विद्यालयवाट कक्षा १ मा नियमित अनुशासनमुखी र मित्रतापूर्ण व्यवहार भएता पनि विद्यालयले उनलाई साधारण विद्यार्थीको वर्गीकरणमा राखेको अवस्था छ । उनको हरेक क्रियाकलापको

मूल्याङ्कन गरेर पुरस्कृत गऱ्यो । त्यसवेला देखि उनी प्रथम स्थान प्राप्त गर्न सफल भई विद्यालयकी उत्कृष्ट जेहेन्दार छात्रा भएकी छिन । घटना २, रुपन्देहीको एउटा विद्यालयमा एउटा दलित परिवारले १३ वर्षकी छोरीलाई विद्यालय भर्ना गरेपछि विद्यालयले उनलाई हौसला दिएर किताव, कापी, कलम, विद्यालय पोशाक, किताव राख्ने झोला लगायत रु.१,५०० ।- नगदवाट पुरस्कृत गरेकोले त्यसवेलादेखि हालसम्म उनी प्रथम हुँदै आएकी छन । घटना ३, रुपन्देहीको एउटा विद्यालयमा एकै परिवारका ३ जना छोरीहरु (सिमा कक्षा ८, रीना कक्षा ९, शान्ता कक्षा १०) विद्यालयमा भर्ना भए देखि विद्यालयवाट गरिएको हौसला र सवलम्वनको कारण ३ वटै प्रथम भएर उत्तिर्ण हुने गरेकाले उनीहरुलाई सधैं पुरस्कृत गर्ने निर्णय विद्यालयले गरेको घटनाहरु पत्रिकामा पढ्न पाइन्छ ।

**जोशी** (२०५६) ले प्राथमिक तहमा शिक्षकको पेशागत दक्षतामा विद्यार्थीहरुको सक्रियता वढाउन प्रोत्साहनमा जोड दिनु पर्दछ जसको कारण विद्यार्थीहरुमा सिक्ने जिज्ञासा वढ्दछ । अझै राम्रो गर्न सक्दछन । गृहकार्य तथा कक्षाकार्य राम्रो गरेमा राम्रो, धेरै राम्रो, उत्तम दिने, आधा सहि हुँदा ठिक छ भन्ने तर अतिकति मात्र मिलाएपछि राम्रो हुदैछ, कोशिस गर भन्ने र शिक्षकले फटाफट गृहकार्य चेक गर्ने तथा शाब्दिक उत्प्रेरणाले हौसला वढाउने गर्नु पर्दछ, तर यति सजिलो पनि आउदैन, १०/२० पटक सिकाउँदा पनि नआउने भनेर हतोत्साहित हुने गरी हप्काउनु हुदैन र गृहकार्य दिँदा ठिक र सहज हुने गरी दिनुपर्दछ । उत्प्रेरणा दिँदा सुधारात्मक तथा विद्यार्थीको स्वाभिमानमा अभिवृद्धि गरी सिकाइ प्रति अभिरुची वढाउने खालको हुनुपर्दछ ।

**बोहोरा** (२०६५) ले प्राथमिक विद्यालयको कक्षा शिक्षणमा उत्प्रेरणाको अवस्था भन्ने शोधपत्रमा विद्यालयमा विद्यार्थीहरुको कक्षा शिक्षणमा उत्प्रेरणा दिनु प्रधानाध्यापक तथा शिक्षकहरु, अभिभावकहरुको समुचित कार्य हो । साथै कुनै पनि व्यक्तिले गरेका कार्य प्रति खुसी भएर उसलाई थप हौसला दिने गरी दिइने मनोभावनागत उत्प्रेरणा/शाब्दिक व्यवहारवाट प्रदान गरिने (धन्यवाद, स्यावास, राम्रो, धेरै राम्रो, अझै प्रयास गर भन्ने र शरीरमा हात राखी धाप मार्ने, माया ममता गर्ने) जस्ता वोलिवचन तथा व्यवहारलाई मनोवैज्ञानिक हिसाववाट वलियो पार्ने कुरा नै शाब्दिक उत्प्रेरणा हुन ।

**जोशी र बोहोरा**का अनुसन्धानहरुमा दण्डको कारणले सिकाइमा नकारात्मक सोचको विकास भै सिकारुले पढ्न छोडछ भन्ने कुरा निश्कर्ष निकालेको छ तर पुरस्कारको प्रयोग वारे उक्त अध्ययनहरु मौन देखिन्छन । प्रस्तावित अनुसन्धानमा पुरस्कारको व्यवस्था तथा दण्ड रहित सिकाइवाट प्राप्त हुने परिणामको विश्लेषण गरिएको छ ।

**अयडी** (२०६६), पत्रकारिता छोडेर शिक्षक वन्ने जम्काभेट अन्तरवार्तामा विद्यार्थीहरुलाई मित्रवत व्यवहारले पढाउने, दण्डलाई निरुत्साहित गर्ने, विद्यार्थीहरुलाई पिटेर होइन उनीहरुलाई सानै भए पनि पुरस्कार दिएर रमाइलो वातावरणमा पुरस्कृत गरी विद्यालयमा अध्ययन गर्नु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

**आचार्य** (२०६६), ले हाम्रो विद्यालयको शिक्षण सिकाइमा पुरस्कारको अवस्था कस्तो छ ? भन्ने लेखमा विद्यालयमा दण्ड पनि आवश्यक छ ताकी त्यो दण्डले नोक्सान भन्दा पनि नाफा पुगोस् । जे जति दण्डको व्यवस्थापनवाट शिक्षण गरिन्छ त्यती नै पुरस्कारमुखी व्यवस्थावाट शिक्षण गर्नु उपयुक्त हुदैन ? तर नीजि विद्यालयमा ९० प्रतिशत जति दण्ड १० प्रतिशत पुरस्कारमुखी प्रक्रियालाई अपनाएर शिक्षण गरेको पाइन्छ । शिक्षकले विद्यार्थीलाई दिइएको यातनाबाट विद्यार्थीले विद्यालय छोडेका घटनाहरु छन । तर पुरस्कार दिएर विद्यार्थी विद्यालय जान्छु भनेको रेकर्ड कमै देखिन्छ । पुरस्कार विद्यार्थीहरुको हौसला भएकोले यसलाई तदारुकतासँग अँगाल्नु पर्दछ तर पुरस्कारलाई अँगाल्ने नाममा पक्षपातीपूर्ण व्यवहार नगरी सही ढंगवाट प्रवेश गर्नुपर्नेमा सवैको ध्यान जानु आवश्यक छ भन्ने कुरा उल्लेख गरिएको छ ।

उक्त शोधमा पुरस्कार आंशिक रुपमा प्रभाव पार्ने कुरा उल्लेख गरिएता पनि दण्ड रहित सिकाइको बारेमा केहि उल्लेख नभएकोले प्रस्तावित शोध अध्ययनमा दण्ड रहित सिकाइका केन्द्रित भई अध्ययन गरिएको छ ।

उक्त शोधले सामान्य व्यवहारिक जीवनमा वालवालिकालाई दिइने दण्डको विषयमा व्याख्या विश्लेषण गरेको भएपनि सिकाइको क्रममा दण्ड र यसको प्रभाव बारे कुनै चर्चा गरिएको पाइएन । त्यसैले प्रस्तावित शोधमा सिकाइको क्रममा दण्डले पार्ने प्रभाव बारे समेत व्याख्या विश्लेषण गरिएको छ ।

**घिसिङ** (२०६६), "जो इमान्दार उही सम्मानित" भन्ने मत अभिमतमा भनिएको छ निजि स्कुलको होस वा सार्वजनिक, आ-आफ्नो पेशालाई मुख्य प्राथमिकता दिएर निष्ठावान र लगनशिल भइ विद्यार्थीको सिकाइ नतिजा उच्च तहमा पुऱ्याउने शिक्षकहरुलाई इज्जत, मानसम्मान र पुरस्कृत गर्दछ भन्ने कुरा उल्लेख छ ।

उक्त लेखमा उत्प्रेरणाको लागि प्रयोगको कुरा उठाएको छ तर यसको प्रभावकारिता बारे लेख मौन छ । प्रस्तावित शोधमा पुरस्कारले सिकाइमा पार्ने प्रभावको वारेमा समेत व्याख्या विश्लेषण गरिएको छ ।

**भण्डारी** (२०६७), को प्रतिवेदनमा उल्लखे गरे अनुसार शिक्षकले विद्यार्थीलाई दण्डमुखी नभई साथीको रुपमा, सहयोगीको रुपमा मानेर मिठो वोली र उत्साहित पार्ने व्यवहार प्रदर्शित गर्नुपर्दछ ।

**घिमिरे** (२०६७), "शिक्षकको जागिर" मनका कुरा भन्ने शीर्षक आज सामुदायिक विद्यालयको शैक्षिकस्तर विद्यार्थीहरुलाई दण्ड दिएको कारण ओरालो लागिरहेको छ । अझैपनि त्यसको खोजी नगरिएमा केहि समयपछि सामुदायिक विद्यालयहरु विद्यार्थी विहिन हुनेछन । त्यसकारण विद्यालयमा शिक्षकको भूमिका प्रमुख हुने भएकोले मैत्रीपूर्ण उत्प्रेरणा तथा सवलम्वनपूर्ण वातावरणको माध्यमले शिक्षण गर्नु पर्दछ र त्यसको जिल्ला शिक्षा कार्यालयले अनुगमन गरी विद्यालयमा उत्प्रेरणाको नीतिलाई लागू गरेर विद्यालयको शैक्षिकस्तर उकास्नु पर्ने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

**शर्मा** (२०६७), को शिक्षक पत्रिकाको लेखमा "म एक विशुद्ध शिक्षकमा विद्यार्थीहरुलाई आफ्नो ठानेर शिक्षण गर्दा राज्यले दिने सुनको जलप लगाएको भौतिक वस्तु भन्दा शिक्षकको स्यावासीले पुरस्कृत गरेमा विद्यार्थीको प्रगति हुन्छ तर विद्यार्थीहरुलाई दण्ड दिनै हुदैन भन्ने कुरामा आंशिक सहमति राखेपनि पुरस्कार भने सर्वमान्य हुन्छ । दण्ड र पुरस्कार दुवैको प्रयोग गर्नु उपयुक्त हुन्छ तर दण्ड भन्दा पुरस्कारलाई वढी जोड दिनुपर्ने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

एकीकृत वार्षिक जिल्ला विकास योजना रुकुम (२०६७/०६८) ले निर्णयमा उल्लेख गरे अनुसार कुनैपनि विद्यालय जसले विद्यालयमा सुमधुर वातावरणमा अभ्यासको माध्यमले विद्यार्थीहरुको मनोविज्ञान वुझेर शैक्षिक सामाग्रीको प्रयोग गरी

अध्ययन गराई विद्यालयको नतिजालाई उत्कृष्ट गर्दछ त्यस्तो विद्यालयलाई वार्षिक रु.५०,००० ।- बाट पुरस्कृत गर्ने तथा विद्यालयको शिक्षकलाई प्रशंसापत्रले सम्मान गर्ने लगायत उक्त विद्यालयका विद्यार्थीहरुलाई पुरस्कृत गर्नको लागि खर्चको व्यवस्था गर्नेछ । त्यस्तै गरेका विद्यालयमा सवलम्वन पुरस्कारद्धारा उत्प्रेरित गरी जसको प्रयोगवाट शिक्षण सिकाई वलियो र सुधारमूलक हुन्छ भन्ने कुरा निक्यौंल गर्ने भनी विद्यालय सुधार योजना निर्माणमा जोड दिनुपर्ने कुरा गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

कुन्जसले सकारात्मक वा प्रलोभन अभिप्रेरणा र नकारात्मक वा भयपूर्ण अभिप्रेरणा भनी उल्लेख गरेका छन । जसको आधारमा सिकारुलाई सिकाइप्रति मानसिक रुपले तयारीको अवस्थामा पुऱ्याउने सहजता ल्याउने कार्य प्रलोभन वा सकारात्मक अभिप्रेरणाले गर्दछ । यसले सिकाइलाई पूर्ण दिगो र स्वाभाविक उत्तेजनाको आधारमा सिक्छ । नकारात्मक वा भयपूर्ण अधिप्रेरणाले क्षणिक, अपूर्ण तथा दण्ड वा जरिमानावाट मुक्त हुने कार्यमा अभिप्रेरित भई सिक्दछ भनी उल्लेख गरेका छन (कोइराला, २०६६ वाट उद्धृत) ।

यसै सन्दर्भमा एडविन बी. फ्लिपोले सकारात्मक अभिप्रेरणाको आशय लाभ वा पारिश्रमिक वढाएर सिकाइप्रति प्रेरित गर्न सकिने कुरालाई उल्लेख गरेका छन । जसमा नगद पारिश्रमिक दिएर कार्य सम्वृद्धिकरण तथा सहभागिता वढाएर गर्न सकिने कुरा उल्लेख गरेका छन । त्यसै गरी नकारात्मक वा भयपूर्ण अभिप्रेरणा दण्डसँग सम्वन्धित छ जुन मानसिक, भौतिक तथा आर्थिक सजायाबाट दिने गरिन्छ ।

मानव अभिप्रेरणाको सिद्धान्त अनुसार व्यक्ति कार्यप्रति किन प्रेरित हुन्छ भन्ने कुरालाई आधार मानी व्यक्ति लक्षित उद्देश्य परिपूर्तिका लागि केही उत्प्रेरणाका लागि प्रशंसा उपलब्धी होस भन्ने चाहनाले कार्यप्रति प्रेरित हुन्छ । उसको उत्प्रेरणा घटाउने र वढाउने कार्य ऊ भन्दा माथिका अधिकारी एवं सरकारले गरिरहेको हुन्छ । व्यक्तिका निश्चित व्यवहार घटवढ गराउने कार्य माथिल्लो निकायले गर्छ जहाँ व्यक्तिको इच्छा मार्न, तनाव श्रृजना गर्ने कार्य गर्नु हुदैन । कुन शैक्षिक सामाग्रीको माग गर्दछ त्यो पुरा गराउने दायित्व हो जसले गर्दा उक्त मागलाई स्वीकार गर्दै कार्य पद्धतिलाई सरल, व्यवस्थित र प्रभावकारी वनाउन सघाउ पुऱ्याउँछ ।

मास्लोको अभिप्रेरणा सम्वन्धि सिद्धान्त अनुसार यसलाई आवश्यकतामा आधारित सिद्धान्त भनिन्छ । यसै सिद्धान्तलाई अनेकतावादी सिद्धान्त भनी नामाकरण

गरेका छन । यस सिद्धान्तको प्रतिपादन अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले १९८३ मा आवश्यकता विना मानिस कुनै काममा क्रियाशिल हुदैन । त्यसलाई उत्प्रेरित गर्ने कार्य गनुपर्दछ । उनले मानिसमा प्रशस्त इच्छा, आवश्यकता, चाहना हुन्छन त्यसको परिपूर्ति पछि पनि थप अन्य इच्छा, आवश्यकता र चाहना भैरहन्छन । निश्चित चाहना पुरा हुन्छन तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुदैन जुन प्राप्तीका लागि मानिस उत्प्रेरित हुने गर्दछ । मानिसका आवश्यकतालाई ५ वटा श्रृखलामा विभाजन गरी मानवीय आवश्यकता र उत्प्रेरणालाई आवश्यकता भन्दा वढी सरलीकृत गर्न सिकारुको मनोवैज्ञानिक पक्ष ज्यादै जटिल हुने हुँदा अन्तरक्रिया, आवश्यकता र प्रोत्साहनले मात्र सिकारुलाई सिकाइप्रति वा कामप्रति उत्प्रेरित गर्दछ भन्ने मास्लोको भनाइ छ । सिकारुका शारीरिक, सुरक्षात्मक, सामाजिक, स्वाभिमानको तथा आत्मासन्तुष्टिको आवश्यकतालाई पुरा गराउन उसलाई उत्प्रेरित गर्न आवश्यक हुन्छ, जुन उत्प्रेरणाका विभिन्न पक्षहरुबाट मात्र पूर्णत सम्भव छ ।

एक्स र वाइ सिद्धान्त अनुसार एक्स सिद्धान्तमा परम्परागत, तानाशाही, निरङ्कुस शैली हुन्छ भने वाइ सिद्धान्तमा पूर्णरुपले सकारात्मक आधुनिक सहभागीतामूलक प्रजातान्त्रिक सिद्धान्तमा आधारित छ ।

प्रेरक आरोग्य सिद्धान्त वेस्टर्न रिसर्च युनिभर्सिटी यु.एस.ए. का ख्यातीप्राप्त व्यवस्थापनका सिद्धान्तविद् फेडरिक हजवर्गले सन् १९५० मा पिट्सवर्ग क्षेत्रमा कम्पनीमा कार्यरत इन्जिनीयर तथा लेखाविदहरुलाई संलग्न गराई प्रतिपादन गरेका थिए जस अनुसार दुई विमतीय वा दुई तत्वहरुको सिद्धान्तको नाम दिएर उपलब्धी मान्यता, चुनौतीपूर्ण काम उन्नती तथा कार्यमा वृद्धि उक्त दायीत्व वहन गर्न उत्प्रेरणा जगाउन विवेचनात्मक प्रशंग विधिको उपयोग गरी निस्कर्ष निकालियो जस अनुसार अभिप्रेरणात्मक तत्व र आरोग्य तत्वलाई महत्व दिइएको छ ।

समकालिन अभिप्रेरणाका सिद्धान्त अनुसार पनि यसले विश्वविद्यालयका क्लेटन अल्डेफरले मास्लोको अभिप्रेरणा सम्वन्धि सिद्धान्तलाई इम्पिरिकल रिसर्चको सहयोगले अध्ययन गरी यसलाई पुनरावलोकन गरी इआरजी सिद्धान्त भनी नामाकरण गरे जस अनुसार इ-अस्थित्व आवश्यकता, आर-सम्वन्धिता र जी-वृद्धि आवश्यकता भनेका छन (कोइराला,२०६६ वाट उद्धृत) ।

प्रशासनका सामान्य सिद्धान्तहरुमा पनि पुरस्कार र दण्डको प्रक्रिया संगठनमा लागू गर्नु पर्छ जसले कामदारलाई काममा उत्प्रेरणा श्रृजना गर्दछ । सवै

मुलुक र सवै शैक्षिक संस्थाले विद्यार्थीलाई एकै प्रकारको सुविधा र कल्याणसेवा उपलब्ध गराउने गरेको पाइन्छ । खासगरी संस्थाको लक्ष्य, आर्थिक अवस्था, उपलब्ध स्रोत साधन, भौतिक र मानवीय अवस्था जस्ता पक्षले कति वेला उपलब्ध गराउने भनी निर्धारण गर्दछ । खास गरी विद्यार्थी सेवाका सम्वन्धमा सर्वप्रथम यु.एस. काँग्रेसले फेडरल फेमिली एजुकेशन राइट एण्ड प्रिभेन्सी एक्ट १९७४ जारी गरी नेपालको सन्दर्भमा दूर शिक्षा, छात्रावृति तथा विद्यार्थी कल्याण शाखा, अनौपचारिक र विशेष शिक्षा जस्ता कार्यक्रमहरु विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरेको पाइन्छ । जुन कुरा नेपालको वर्तमान शिक्षा ऐन तथा नियमावलीको परिच्छेद २६ मा विद्यार्थीलाई दिइने सेवा पुरस्कार उपलब्ध गराउने व्यवस्था समेत गरेको छ (कोइराला, २०६६ वाट उद्धृत ) ।

उल्लेखित सिद्धान्तहरु मध्ये उत्प्रेरणालाई केन्द्र विन्दु मानी मास्लोको आवश्यकता सिद्धान्त, भिक्टर रुमको आशावादी सिद्धान्त, प्रा. डांग्लास म्याक ग्रोगरको एक्स र वाइ सिद्धान्तलाई सैद्धान्तिक आधारका रुपमा चयन गरिएको छ । अतः यो अध्ययन उत्प्रेरणाका यिनै सिद्धान्तहरुका आधारमा निष्कर्षमा पुगेको छ ।

## २.३ शैक्षिक उपादेयता

यस अध्ययन अनुसन्धानले विद्यार्थीलाई विद्यालयमा शिषण सिकाइको क्रममा कसरी शिषण सिकाई भई रहेको छ, सिकाइमा वातावरणले समेत उत्प्रेरित गरेको छ र त्यसमा विभिन्न किसिमका सवलीकरणका विभिन्न साधनस्रोतहरु भौतिक कक्षाकोठामा शिक्षण कौशलता, उत्प्रेरणाका लागि गरिएका वालमैत्री व्यवहार अपनाइएको छ कि छैन । राज्यका तर्फबाट वितरण गरिएका छात्रवृत्ति पुरस्कारको प्रभाव तथा कक्षा शिक्षणमा अपनाउनु पर्ने सवलीकरण उपायको कक्षामा परेको प्रभावको अवस्था र दण्डको नाममा गरिएको नियन्त्रणकारी उत्प्रेरणा तथा हौशलामुखी शाब्दिक, भौतिक तथा अन्य सवलीकृत माध्यमकहरुको उत्प्रेरणाको अवस्था पत्ता लगाइ त्यसमा सुधार उन्मुख कार्य गर्नु यो अध्ययनको प्रमुख कार्य हो ।

यो अनुसन्धान कार्य भन्दा पहिले शिक्षक उत्प्रेरणाका  सम्बन्धमा कुनै अध्ययन अनुसन्धान गरेको पाइएन । यस पूर्व कुनै अध्ययन नगरेको हुनाले माथि उल्लेखित सामग्रीहरु कै आधारमा यो अध्ययनलाई व्यवस्थित ढाँचमा अघि बढाइएको हुँदा अध्ययनको आधारका रुपमा शैक्षिक उपादेयता पुष्टि गर्न सकिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि विषयको बारेमा खोज तथा अनुसन्धान गर्नका लागि निश्चित रुपमा अध्ययन विधिको आवश्यकता पर्दछ। जसले अनुसन्धानलाई निश्चित विन्दु सम्म पुऱ्याउँदछ र निश्कर्षमा पुग्न ठूलो मद्दत गर्दछ। अनुसन्धान नयाँ ज्ञान, सिद्धान्त तथ्य र मान्यता प्राप्त गर्ने प्रक्रिया भएपनि यसको प्रकार, ढाँचा, किसिम तथा तरीकाहरुमा विविधता छ । यो परिच्छेदमा माथिका कामलाई तपशील बमोजिम उल्लेख गरिएको छ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानको ढाँचा भन्नाले अनुसन्धानका लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई जनाउँछ । अनुसन्धान ढाँचामा कुनै पनि अनुसन्धानलाई कुन विधिवाट अगाडि वढाउने भन्ने कुरा उल्लेख गरिएको हुन्छ। यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचा भन्नाले व्याख्यात्मक सूचनाको आधारमा विश्लेषण र व्याख्यालाई निष्कर्ष प्राप्त गर्न सहज हुने प्रक्रिया हो। यो विधि मुख्य उद्देश्य अध्ययन गर्न तोकिएको विषयवस्तुको प्राकृतिक अवस्थामा अध्ययन गरी त्यसको बहुवास्तविकताबारे अर्न्तदृष्टि पत्ता लगाउनु हो । यस विधिमा अध्ययनको विषयवस्तुलाई सम्पूर्णतामा अध्ययन गरी त्यसको निचोड निकालिन्छ। ( खनाल: २०६४) कुनै पनि विषयवस्तुको अवस्था प्रक्रिया, समस्या तथा घटनाको विश्लेषण र व्याख्या गर्नको लागि संकलन तथा विश्लेषण गरिने सूचना तथ्याङ्कहरु सांख्यिक नभएर शाब्दिक हुने गर्दछन । जसमा पनि सम्भावना रहित नमूना छनौट अर्न्तगतका वा उद्देश्यात्मक, अंश, सुविधाजनक र व्यवस्थित नमूना छनौट मध्ये उद्देश्यात्मक र सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरी अनुसन्धान ढाँचालाई अगाडि वढाइएको थियो । यस अध्ययनको प्रकृति गुणात्मक रहेकोले यसको अनुसन्धानात्मक कार्य अधि वढाइएको थियो। यो शोध कार्य पूरा गर्नका लागि सवै खाले ढाँचामा गुणात्मक/परिणात्मक दुवैको मिश्रित ढाँचा अपनाइएको छ।

## ३.२ जनसंख्या र नमूना

खासगरी अनुसन्धान गर्नेलाई जनसंख्याको आवश्यकता पर्दछ । जनसंख्या तथा नमूनाको आधारमा यस कार्यलाई अगाडि वढाउन सजिलो हुने भएकोले जनसंख्या छनौट गर्नुपर्ने हुन्छ। आफ्नो अनुसन्धानको विषयवस्तु हेरी कुन क्षेत्र कति

जनसंख्या, कुन समय सम्पूर्ण कुराहरु उल्लेख गर्नु पर्दछ । यो अनुसन्धान शैक्षिक अनुसन्धानसँग सम्वन्धित भएकोले यसमा खर्च र समयलाई मध्यनजर गर्नुपर्ने हुँदा सानो जनसंख्याबाट सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी अनुसन्धान गरिएको थियो ।

नमूना छनौट भन्नाले जनसंख्यावाट झिकिएको एक समूह हो । जसले उक्त क्षेत्रका सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । अनुसन्धानकर्ताको सम्पूर्ण जनसंख्याको विश्लेषण गर्न असमर्थ भएकोले आफ्नो अध्ययन कार्यको लागि सम्भव हुन सक्ने गरी जनसंख्याको प्रतिनिधिमूलक केहि इकाइहरुको छनौट गरिन्छ । तिनै इकाइहरुको गणना, अध्ययन विश्लेषण गरेर प्राप्त निष्कर्षलाई सम्पूर्ण जनसंख्यामा सामान्यीकरण गर्न सहज हुने भएकोले नमूना छनौट गर्नु आवश्यक छ । नमूना छनौट सम्भावना रहित नमूना छनौट उद्देश्यात्मक नमूना छनौट, सुविधाजनक नमूना छनौट गरिएको थियो । यस नमूना छनौटमा अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार गर्दछ सो उद्देश्य परीपूर्तिका लागि आफ्नै बुद्धिविवेक द्वारा नमूना छनौट गर्ने भएकोले यस अध्ययन क्षेत्रका लागि उद्देश्यात्मक नमूना छनौट गरिएको थियो जसमा वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुको छनौट निम्नानुसार गरिएको थियो ।

ताप्लेजुङ जिल्लाका सबै स्रोतहरु जनसंख्याको रुपमा लिइएको थियो । जसमा स्रोतमध्ये सवै विद्यालयका शिक्षकहरु, अभिभावक तथा विद्यार्थीहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको थियो । अध्ययन अनुसन्धानको क्रममा समग्र जिल्लाको सवै विद्यालयका सवै जनसंख्या परिचालन गर्न सिमित स्रोत र साधन भएकोले सवैलाई समावेश गरी अध्ययन गर्न नसकिने हुँदा नमूना छनौट गरी सुविधाजनक प्रतिनिधित्व गराउन ताप्लेजुङ जिल्लाका १४ वटा स्रोतकेन्द्रहरु मध्ये २ वटा स्रोतकेन्द्रको छनौट गरी प्रत्येक स्रोतकेन्द्रबाट ३/३ वटा विद्यालयलाई (६ वटा विद्यालय) नमूनाको रुपमा छनौट गरिएको थियो । ६ वटा विद्यालयको शिक्षक १२ जना, प्रधानाध्यापक ६ जना, विद्यार्थी १८ जना, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष ६ जना रसदस्य ६ जना गरी १२ जना विद्यालय व्यवस्थापन समितिवाट छनौट गरी उक्त जनसंख्यालाई अध्ययन अनुसन्धान गरिएको थियो ।

यसरी छनौट गरिएको स्रोतकेन्द्र, विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु, अभिभावक, विद्यालय व्यवस्थापन समितिको विवरण अनुसूची १ देखि १३ सम्म उल्लेख गरिएको छ ।

## ३.३ नमुना छनोटको विधि

विषयवस्तुको सन्दर्भ, यसको प्रकृति र स्वरुप अनुसन्धानमा अन्तरनिहित सारवस्तु हुन । अनुसन्धानले निश्चित तरीका (परिमाणात्मक/गुणात्मक) अपनाउने भन्ने कुराको निर्णय गर्दछ । त्यसकारण यस शिक्षण सिकाईमा उत्प्रेरणा नामक शीर्षक अध्ययनलाई यसको विषयवस्तु तथा प्रकृति हेरी गुणात्मक ढाँचा प्रयाग गरिएको भएता पनि परिमाणात्मक ढाँचा पनि कहिलेकाँही संघै आउने हुँदा मिश्रित ढाँचा प्रयोग गरिएको थियो ।

## ३.४ अध्ययनका साधनहरु

अध्ययनका साधनहरु भन्नाले अनुसन्धान कुन माध्यमबाट के प्रयोग गरी गर्ने भन्ने कुरा उल्लेख नगर्दा सम्म अध्ययन क्षेत्रमा जान गाह्रो हुने हुँदा अनुसन्धान कर्तालाई अनुसन्धान गर्न सजिलो हुने गरी साधन छनौट गर्नु पर्दछ । यस अध्ययनमा निम्न साधनहरुलाई औजार निर्माणको खाका तयार गरी त्यसको आधारमा निम्न साधन छनौट गरिएको थियो ।

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

विद्यालयमा शिक्षण सिकाइमा उत्प्रेरणा र यसको असर तथा यसबाट उत्पन्न हुने समस्याहरु सम्वन्धि सरोकारवालाहरुको धारणाबारे आवश्यक सूचना संकलन गर्न छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र आभिभावकका लागि छुट्टाछुट्टै अन्तर्वार्ता प्रश्नावली तयार गरी प्रयोग गरिएको थियो भने विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई उक्त विषयमा छलफल गरी राय टिपोट गरी धारणा लिइएको थियो । यसरी तयार गरिएको अन्तर्वार्ता प्रश्नावली अनुसूची १,२,३,४ मा दिइएको छ ।

### ३.४.२ प्रत्यक्ष/अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन

छनौटमा परेका विद्यालयका कक्षा १ देखि ५ सम्म १/१ वटा कक्षा शिक्षण अवलोकन जम्मा ६ वटा विद्यालयको ३० वटा कक्षाहरु प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अवलोकन गरिएको थियो । जसका लागि कक्षा अवलोकन फारम तयार गरी त्यसमा

शिक्षकले दिने उत्प्रेरणाको लागि पुरस्कारका प्रकारहरु, विद्यार्थीहरुको प्रतिक्रिया, शिक्षकले शिक्षण सिकाइको हकमा दिने सवलम्वन जे-जस्ता कुराहरु अवलोकन गरिएको थियो जुन अनुसूची ११ मा दिइएको छ ।

**३.४.३ विद्यार्थी अभिलेख अध्ययन**

छनौटमा परेका विद्यालयहरुबाट विशेष गरी उत्प्रेरणाका लागि पुरस्कार पाएका १८ जना केटाकेटीहरु मध्ये विद्यार्थीहरुको मात्र सवैभन्दा बढी उत्प्रेरणाका लागि पुरस्कार पाएका जसको घटना अध्ययन गरिएको थियो जसलाई अनुसूची ७ मा देखाइएको छ । शिक्षण सिकाइ पछिका शैक्षिक उपलब्धी, उत्तिर्ण/अनुत्तिर्ण प्रतिसत, शैक्षिक स्थिति, भर्ना स्थिति आदि कुराको लागि प्रत्यक्ष रुपमा विद्यालय अभिलेखबाट अध्ययन गरिएको थियो ।

**३.४.४ घटना अध्ययन**

छनौटमा परेका विद्यार्थीहरु मध्ये सवैभन्दा वढी उत्प्रेरणाका लागि पुरस्कार पाउने विद्यार्थीहरु, प्र.अ., शिक्षक तथा पुरस्कार नपाउने विद्यार्थीहरुको सल्लाहमा प्रत्येक विद्यालयवाट १/१ जनाको दरले घटना अध्ययन गर्न निर्देशिका तयार गरिएको थियो जसमा घटना अध्ययन निर्देशिका अनुसूची १२ मा दिइएको छ ।

**३.४.५ लक्षित समुदायसँग छलफल**

शिक्षण सिकाइमा उत्प्रेरणा सम्बन्धी छलफल सरोकारवालाहरुको बीचमा एकै ठाउँमा राखेर गर्न सम्भव नभएकोले तेल्लोक स्रोतकेन्द्र अन्तर्गतका विद्यालयका तेल्लोक उ. मा. वि. स्रोतकेन्द्रमा र भञ्ज्याङ स्रोतकेन्द्र अन्तर्गतका भञ्ज्याङ उ. मा. वि. स्रोतकेन्द्रमा विद्यार्थी, शिक्षक, अभिभावक, प्र. अ., विद्यालय व्यवस्थापन समिति अध्यक्ष बीच भौतिक संरचना, शिक्षण सिकाइ वातावरण र शिक्षक कौशलता, विद्यार्थीहरुको अभिप्रेरणा सिक्ने वातावरणको अवस्था सम्बन्धी छलफल गरियो ।

## ३.५ तथ्याङ्क संकलनका स्रोतहरु

सूचना संकलनका लागि आवश्यक पर्ने सूचना संकलन प्रक्रियालाई दुईवटा विधि (प्राथमिक र द्वितीय स्रोत) को आधारमा संकलन गरिएको थियो । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**३.५.१ प्राथमिक स्रोत**

अनुसन्धानको क्रममा तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता आफैले निर्माण

गरेका साधनहरुको उपयोग गरी उत्तरदाताहरुबाट प्रत्यक्ष रुपमा प्राप्त हुने तथ्याङ्क नै प्राथमिक तथ्याङ्कको स्रोत हो । यस अन्तर्गत प्रश्नावली, अन्तवार्ता, अवलोकन जस्ता विधि अवलम्वन गरी प्राथमिक सूचनाहरु संकलन गरिएको थियो ।

### ३.५.२ द्वितीय स्रोत

अनुसन्धानको क्रममा विभिन्न दस्तावेजहरु विद्यार्थीहरुको अभिलेख, प्रतिवेदन, घटना अध्ययन गरी प्राप्त हुने तथ्याङ्क नै तथ्याङ्क संकलनको द्वितीय स्रोत हो । यस अन्तर्गत कार्यसंचयिका, निरन्तर विद्यार्थी मूल्याङ्कन, विद्यलयको मार्कलेजर, पुरस्कार वितरण अभिलेख पुस्तिका, निर्णय पुस्तिका, विद्यार्थी प्रगति विवरण, शिक्षक, विद्यार्थी उपस्थिति बही, कक्षा डायरी लगायतका सामाग्रीहरु हेरी सूचनाहरु संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका लागि निर्माण गरिएका साधनहरु उपर्युक्त र प्रभावकारी तुल्याउन सम्वन्धित शीर्षकहरुमा जाने वुझेका व्यक्तिहरु लगायत सहभागी साथीहरुसँग छलफल तथा पूर्व परीक्षण गरिएका साधनहरुलाई फेरी शोध निर्देशकज्यूको आवश्यक सल्लाह, सुझाव र विद्यालय वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावकसँग छलफल गरी सोहि अनुसार परिमार्जन गरी साधनको विश्वासनीयता एवं वैधता निर्माण गरिएको थियो । यसमा लाग्ने आर्थिक स्रोतको व्यवस्थापन अध्ययनकर्ता स्वयंले गरेको छ भने आवश्यक सहयोग सम्वद्ध विद्यालयस्थित मानव संसाधनबाट भएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण

यस अध्ययन अनुसन्धानका लागि संकलन गरिएका विभिन्न प्रकारका सूचना एवं जानकारीहरुलाई अध्ययनको उदेश्यहरु पूरा गर्ने गरी अलग अलग शीर्षक तथा उपशीर्षकमा राखेर गुणात्मक प्रक्रिया अन्तवार्ता, छलफल, व्याख्यात्मक विधिको प्रयोग गरिएको थियो ।

सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्थाको अध्ययनबाट उत्प्रेरणाको अवस्था कस्तो छ ? त्यसबाट निस्कने परिणामको सकारात्मक प्रभाव र सरोकारवालाहरुको आफ्नो धारणा के रहेको छ ? उत्प्रेरणा प्रयोगको अवस्था कस्तो छ ? शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्था लेखाजोखा

उत्प्रेरणाको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धीमा परेको प्रभाव अवस्था, उत्प्रेरणा र प्रयोग सम्बन्धी समस्या जस्ता उद्देश्यका साथ छनौटमा परेका यी विद्यालयबाट गरिएको थियो ।

तेल्लोक उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अन्तर्गतका तेल्लोक उच्च माध्यमिक विद्यालय तेल्लोक ७, लक्ष्मी निम्न माध्यमिक विद्यालय सिकैंचा १, आदर्श प्राथमिक विद्यालय आम्वेगुदिन १ र भञ्याङ उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अन्तर्गतः– सरस्वती माध्यमिक विद्यालय साब्लाखु १, बुङरुङ निम्न माध्यमिक विद्यालय आङखोप ८, इन्द्रवती प्राथमिक विद्यालय सादेवा-७ गरी जम्मा ६ वटा विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकसँग गहन रुपमा छुट्टाछुट्टै अन्तवार्ता प्रश्नावली तयार गरी प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा अवलोकन, विशेष गरी उत्प्रेरणाका लागि गरिएका वालमैत्री तथा अन्य पक्षको सम्पूर्ण व्यवहार र प्रयोग विद्यार्थीहरुको घटना अध्ययन र उनीहरुको अभिलेख अध्ययनबाट प्राप्त सूचना तथा जानकारीहरुलाई अनुसूची १३ मा दिइएको चार्टको माध्यमबाट विश्लेषण तथा व्याख्या प्रत्यक्ष सरोकारवालाहरु बीच विभिन्न किसिमका अध्ययनको साधनहरु अपनाइएको र त्यसबाट सार्थक परिणाम निकाल्ने प्रयास गरिएको थियो ।

# परिच्छेद चार : नतिजाको छलफल

सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्था के कस्तो छ ? कुन कुन प्रकारको उत्प्रेरणा जगाउने शिक्षण सिकाइमा गरिन्छ ? उत्प्रेरण शिक्षण सिकाइमा कस्तो प्रभाव (सकारात्मक/नकारात्मक) पार्दछ ? उत्प्रेरणा सम्वन्धी सरोकारवालाहरुको धारणा के रहेको छ ? उत्प्रेरणा प्रयोगको अवस्था कस्तो छ ? सिकाइ उपलब्धिमा परेको प्रभाव अवस्था पत्ता लगाउन जस्ता उद्देश्यका साथ छनौटमा परेका सरस्वती मावि साब्लाखु ३, बुङ्रुङ निम्न माध्यमिक विद्यालय आङखोप, सिदिङ्मा प्राथमिक विद्यालय सादेवा, तेल्लोक उच्च माध्यमिक विद्यालय तेल्लोक, लक्ष्मी निम्न माध्यमिक विद्यालय सिकैचा र आदर्श प्राथमिक विद्यालय आम्वेगुदिन गरी ६ वटा विद्यालय नमुनाको रुपमा लिइएको थियो ।

## ४.१ शिक्षण सिकाइमा उत्प्रेरणा प्रयोगको अवस्था

शिक्षण उत्प्रेरणाको वर्तमान अवस्थाको अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयका शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्य र विद्यार्थी संगको प्रत्यक्ष भेटघाट, सम्पर्क छलफल, अन्तरक्रियाका साथै छुट्टछुट्टै प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो । विश्लेषण गर्दा निम्नानुसार वर्तमान अवस्थाको विश्लेषण गरिएको छ ।

तालिका १: शिक्षण सिकाइमा उत्प्रेरणा प्रयोगको अवस्था

| क.सं | सूचक | अध्यक्ष (६) | | प्रधानाध्याक (६) | | शिक्षक (१२) | | विद्यार्थी (१८) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | भौतिक सुविधा विस्तार | ५ | ८३ | ५ | ८३ | १० | ८३ | ९ | ५० |
| २. | वालमैत्री शिक्षण | २ | ३३ | ४ | ६६ | ९ | ७५ | ८ | ४४ |
| ३. | शैक्षिक सामग्रीको प्रयोग | ५ | ८३ | ५ | ८३ | १० | ८३ | ६ | ३३ |
| ४. | निरन्तर विद्यार्थी मूल्याङ्कन | ३ | ५० | ५ | ८३ | ८ | ६६ | ६ | ३३ |
| ५. | हौसला र प्रोत्साहन | २ | ३३ | ६ | १०० | १० | ८३ | ९ | ५० |
| ६. | सह तथा अतिरिक्ति क्रियाकलाप | ३ | ५० | ५ | ८३ | ८ | ६६ | ८ | ४४ |

*स्रोत: स्थलगत समुह छलफल २०७२*

उपरोक्त तालिकाबाट विश्लेषण गर्दा शिक्षण सिकाइका लागि उत्प्रेरित गर्ने माथिका सूचकहरु सम्बन्धमा समूहमा छलफल गर्दा भौतिक सुविधा सम्बन्धी

व्यवस्थापन नभएसम्म शिक्षण सिकाइमा सिकाइ उपलब्धी वृद्धि गर्न नसकिने हुँदा भौतिक सवलताको लागि अध्यक्षहरु, प्रधानाध्यापक र शिक्षकहरुको धारणा ८३ प्रतिशत रहेको पाइयो भने विद्यार्थीको धारणा ५० प्रतिशत पाइयो । त्यसैगरी बालमैत्री शिक्षण वातावरण बिना शिक्षण सिकाइमा उत्प्रेरणाको प्रभाव पर्ने हुँदा त्यसबारे प्रतिक्रिया बुझ्दा प्रधानाध्यापक र शिक्षकको धारणा उच्च पाइयो भने अध्यक्ष र विद्यार्थीको प्रक्रिया यस सम्बन्धमा न्युन पाइयो । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइमा उत्प्रेरित गर्छ भन्ने सम्वन्धमा प्रतिक्रिया बुझ्दा विद्यार्थी बाहेक सबैको प्रतिक्रिया उच्च ८३ प्रतिशत रहेको पाइयो । निरन्तर विद्यार्थी मुल्याङ्कन सूचकमा विश्लेषण गर्दा अध्यक्षको धारणा ५० प्रतिशत पाइयो भने शिक्षक विद्यार्थी र प्रधानाध्यापकको धारणा समान किसिमको थियो भने केही शिक्षकहरुले झन्झटिलो रहेको प्रतिक्रिया दिएका थिए । हौसला र प्रोत्साहनले शिक्षण सिकाइमा उत्प्रेरित गर्छ भन्ने प्रतिक्रिया बुझ्दा सबै प्रधानाध्यापकहरु पूर्ण सहमत थिए भने शिक्षकको प्रतिक्रिया उच्च रहे पनि सबै शिक्षकहरु सहमत थिएनन् र विद्यार्थीको प्रतिक्रिया न्युन रहेको पाइयो । त्यसैगरी सह तथा अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा उत्प्रेरणा जगाउँछ भन्ने प्रतिक्रिया बुझ्दा प्रधानाध्यापकको ८३ प्रतिशत, शिक्षकको ६६ प्रतिशत र विद्यार्थीको ३३ प्रतिशत रहेको पाइयो ।

### ४.१.१ भौतिक व्यवस्थापन सुधार सम्बन्धी अवस्था

शिक्षण सिकाइलाई प्रभावपार्ने तत्वहरु मध्ये भौतिक व्यवस्थापनले पनि महत्वपूर्ण भूमिमा खेलेको हुन्छ । आवश्यक स्रोत जुटाई वर्तमान अवस्थाको सुधार गर्दै भौतिक आवश्यकता परिपूति गर्नुपर्ने भएका भौतिक व्यवस्थापनलाई संरक्षण गर्नु पर्ने हुँदा सीमित स्रोत साधनहरुलाई अधिकतम उपयोग गर्ने गरेको पाइयो जसमा प्रत्यक्ष भेटघाट, सम्पर्क, छलफल, अन्तरक्रियाका साथै प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ ।

तालिका २ : भौतिक व्यवस्थापन सुधार सम्बन्धी अवस्था

| क्र. सं | सूचक | अध्यक्ष (६) | | प्रधानाध्याक (६) | | शिक्षक (१२) | | अभिभावक (१२) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | वर्तमान अवस्थाको सुधार | ६ | १०० | ६ | १०० | १२ | १०० | ८ | ६६ |
| २. | नयाँ भौतिक अवस्थामा सुधार | ६ | १०० | ६ | १०० | १० | ८३ | ६ | ५० |
| ३. | संरचनाले उत्प्रेरणाको व्यवस्थापन गर्छ | ६ | १०० | ६ | १०० | ६ | ५० | ६ | ५० |
| ४. | संरचनागत संरक्षण हुनुपर्ने | ६ | १०० | ६ | १०० | ६ | ५० | १२ | १०० |

*स्रोत: स्थलगत समुह छलफल*

माथिको उल्लेखित तालिकाको विवरणलाई विश्लेषण गर्दा दिइएका सूचकहरुमा सबैको मत एकै किसिमको पाइयो जस्ले शिक्षण सिकाइमा उत्प्रेरणाको लागि अध्यक्ष र अभिभावकको पूर्ण सहमत पाइयो भने शिक्षक र अभिभावकको आंशिक सहमतीको प्रतिक्रिया व्यक्त गरेका थिए ।

**४.१.२ कक्षा शिक्षणको पूर्व तयारीको अवस्था**

शिक्षण सिकाइमा उप्रेरित गर्ने महत्वपूर्ण पक्ष भनेको कक्षा शिक्षणको पूर्व तयारी अवस्था पनि हो जस्ले गर्दा शिक्षण सिकाइमा सहज र सरलता ल्याई दिगो र प्रभावकारी बन्न सक्छ जस सम्बन्धमा सम्बन्धित शिक्षकहरुको प्रतिक्रिया बुझ्दा निम्नानुसार रहेको पाइयो ।

तालिका ३ कक्षा शिक्षण पूर्व तयारीको अवस्था

| क. सं | सूचक | शिक्षक ( १२ ) | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १. | डायरीमा उद्देश्यहरुको बुँदा टिपोट गरेर | ६ | ५० |
| २. | पाठको पूर्व शिक्षण योजना तयार गरेर | ३ | २५ |
| ३. | कक्षाकोठामा प्रवेश गरेपछि पाठ हेरेर | २ | १६ |
| ४. | पाठ्यपुस्तक र शिक्षक निर्देशिका हेरेर | १ | ९ |

*स्रोत: स्थलगत समुह छलफल २०७२*

### ४.१.३ वालमैत्रीपूर्ण शिक्षणको प्रयोगको अवस्था

शिक्षण सिकाइमा उप्रेरित गर्ने महत्वपूर्ण पक्ष भनेको बालमैत्री शिक्षण सिकाइ हो जस्ले गर्दा शिक्षण सिकाइमा सहज र सरलता ल्याई दिगो र प्रभावकारी बन्न सक्छ जस सम्बन्धमा सम्बन्धित शिक्षकहरुको प्रतिक्रिया बुभ्दा निम्नानुसार रहेको पाइयो ।

तालिका ४ बालमैत्री शिक्षण प्रयोगको अवस्था

| क. सं | सूचक | शिक्षक ( १२ ) | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १. | कक्षा व्यवस्थापन | १२ | १०० |
| २. | विद्यार्थी सहभागी सिकाइ | १२ | १०० |
| ३. | उत्प्रेरदायी कार्यहरु | १२ | १०० |
| ४. | सहज बसाइ व्यवस्थापन | १२ | १०० |
| ५. | दण्ड रहित शिक्षण अवस्था | १२ | १०० |
| ६. | सहपाठी तथा सामूहिक शिक्षण क्रियाकलाप | १२ | १०० |
| ७. | सामग्रीको प्रयोग | १२ | १०० |
| ८. | सह-तथा अतिरिक्त क्रियाकलाप | १२ | १०० |

*स्रोत: स्थलगत समुह छलफल २०७२*

बालमैत्री शिक्षण प्रयोगको अवस्था विश्लेषण गर्दा सबै शिक्षकहरुको प्रतिक्रिया सत प्रतिशत बालमैत्रीले शिक्षण सिकाइले उत्प्रेरणामा अधिवृद्धि गर्ने कुरा सहमत भएको पाइयो ।

### ४.१.४ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरु उत्प्रेरित भइ सहज र दिगो एवं प्रभावकारी सिकाइ हुन्छ भन्ने विषयमा प्रयोगको अवस्था सम्बन्धी शिक्षकहरुसँग प्रतिक्रिया माग्दा निम्न अनुसार प्रतिक्रिया प्राप्त भएको थियो ।

तालिका ५ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

| क. सं | सूचक | शिक्षक ( १२ ) | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १. | खेरजाने सामग्री विद्यार्थी कै सहयोगमा सङ्कलन र निर्माण गरेर | ९ | ७६ |
| २. | शिक्षण सामग्री नै प्रयोग नगर्ने | १ | ८ |
| ३. | शैक्षिक सामग्री सम्बन्धी प्रतिक्रिया नदिने | १ | ८ |
| ४. | शिक्षण सामग्री प्रयोग गर्न समय नै पुग्दैन भन्ने | १ | ८ |

*स्रोत: स्थलगत समुह छलफल २०७२*

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेर शैक्षिक सामग्रीको प्रयोग सन्दर्भमा प्राप्त नतिजा यस्तो देखियो । बहुमत शिक्षकले विद्यार्थी कै सहयोगमा हाम्रो वातावरण बरी परी सजिलै पाउने, खेर जाने र कम मूल्य पर्ने सामग्रीबाट आफ्नो काम पूरा गर्ने गरेको बताए । सङ्ख्यात्मक रुपमा यस्तो गर्ने शिक्षकको सङ्ख्या ९ जना (७६ प्रतिशत) रहेको पाइयो भने शिक्षण सामग्री नै प्रयोग गरिदैन भन्ने र शैक्षिक सामग्री सम्बन्धी प्रतिक्रिया नदिने तथा शैक्षिक सामग्री प्रयोग गर्न समयनै पुग्दैन भन्ने शिक्षकहरुको सङ्ख्या न्यून पाइयो । जसले गर्दा शैक्षिक सामग्रीले शिक्षण सिकाइमा उत्प्रेरणा प्रदान गर्दछ ।

### ४.१.५ निरन्तर विद्यार्थी मूल्याङ्क प्रयोगको अवस्था र सिकाइमा प्रभाव

शिक्षण सिकाइमा निरन्तर विद्यार्थी मुल्याङ्कनले उत्प्रेरणाको महत्वपूर्ण कार्य गर्ने कुरा छनोटमा परेका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको छलफल, भेटघाट तथा अन्तरक्रियामा सकारात्मक धारणा पाइयो । यद्दपि केही विद्यालयका शिक्षकहरुले झन्झटिलो र बोझिलो रहेको कुरा समेत व्यक्त गरेका छन् ।

खासगरी बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्नको लागि आमाबाबु, दाजुभाइ घर परिवार तथा छरछिमेक र समाजको महत्वपूर्ण भूमिका रहेको हुन्छ भने त्यो भन्दा पनि महत्वपूर्ण भूमिका विद्यालयको रहने गर्दछ किनकी विद्यालयमा

विभिन्न पृष्ठभूमि भएका विद्यार्थीहरु भिन्न भिन्न समुदायबाट आउने गर्दछन् । विद्यालय हरेक वालवालिकाको अर्न्तनिहित प्रतिभा प्रस्फूटन गरी सर्वपक्षीय विकास गराउने साझा थलो हो । विद्यालयले शिक्षाका आधारभूत तथा मनोवैज्ञानिक सिद्धान्तहरु, नियम, आचरणहरु, विशेषत प्रविधिको उपयोग गरी शिक्षण सिकाइका कौशलहरुबाट अर्थपूर्ण, प्रभावकारी एवं उद्देश्यमूलक बनाउन सक्षम हुनु अहिलेको आवश्यकता हो तर हाम्रो जस्तो गरीव र विकासोन्मुख राष्ट्रमा शिक्षाको स्थिती नाजुक रहेकोले हरेक ग्रामीण विद्यालयमा भौतिक सामाग्रीको अभाव, तालिम प्राप्त शिक्षककहको अभाव, शिक्षकलाई सेवा सुविधाको अभाव तथा विद्यालयमा विद्यार्थी संख्या कक्षा कोठा वा विद्यालयको क्षमता भन्दा बढी रहेको छ । शिक्षकहरुमा मनोविज्ञानको कमी मात्र होइन शैक्षिक योग्यता पनि न्यून देखिन्छ । विद्यालयमा राजनीतिक हस्तक्षेपका कारण शिक्षकको योग्यता पुगोस वा नपुगोस, क्षमता होस वा नहोस आफ्नो भाइ, भतिजा, नातेदार तथा नजिकको व्यक्तिलाई शिक्षकमा नियुक्ती गर्ने परम्पराले जरो गाडेको छ । जस्ले गर्दा गुणात्मक शिक्षा घट्दो/खस्कदो अवस्थामा छ । वर्तमान समयमा पनि हाम्रो देशका विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार, वालमनोविज्ञान अनुरुपको सिकाइ तथा बालमैत्री विद्यालय वातावरण नभएर पुरानै शैली अनुरुप नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुँदै आएको पाइन्छ ।

सामुदायिक विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा उत्प्रेरणाको लागि भौतिक वातावरण, कक्षा कोठा व्यवस्थापन सहित शिक्षकको कौशल प्रभावकारिता आदिको प्रयोगका अवस्था पहिचान गर्ने छनोटमा परेका सम्पूर्ण विद्यालयका वि. व्य. स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकबाट प्राप्त गरिएको सुचना प्रतिक्रिया लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा गरिएको कक्षा शिक्षण अवलोकन र विद्यालयको समग्र अवस्थाबाट उत्प्रेरणा उक्त वातावरण पाएका विद्यार्थीहरुमा गरिएको घटना अध्ययनबाट प्राप्त जानकारीहरुलाई विश्लेषण र व्याख्या गरिन्छ ।

### ४.१.६ विद्यालयमा पुरस्कारको अवस्था

विद्यालयमा शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्था वारे विव्यस अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रियालाई समेटी उनीहरुबाट आएको छुट्टा-छुट्टै प्रतिक्रियालाई समष्टिगत रुपमा आएको विवरण र घटनता

अध्ययनबाट प्राप्त जानकारीलाई शिक्षण शिकाइमा परेको प्रभाव सम्बन्धी घटना अध्ययनबाट प्राप्त भएका जानकारीहरुलाई शिक्षण सिकाइलाई अर्थपूर्ण प्रभावकारी एवं उद्देश्यमुलक बनाउन सिकाइ उपलब्धि वृद्धि गर्ने र देखिएका समस्या पत्ता लगाउने अहिलेको आवश्यकता भएकोले माथिको विश्लेषणबाट आएको नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया

| सि.न. | विवरण | अध्यक्ष (६) | प्र.अ. (६) | शिक्षक (१२) | विद्यार्थी (१८) | अध्यक्ष (६) सदस्य (६) | जम्मा (४८) |
|---|---|---|---|---|---|---|---|
| १ | पढाइमा उत्कृष्ट (प्रथम,द्वितीय,तृतीय) भएमा अतिरिक्त तथा क्रियाकलापमा उत्कृष्ट प्रथम, द्वितीय, तृतीय) भएमा | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | सधै कक्षा कार्य, गृहकार्य गरेमा, शिक्षकले भनेको मानेमा, कक्षामा अनुशासित भएमा, सधै ठीक समयमा विद्यालय आएमा प्रश्नको सही जवाफ दिइएका | ४०% | ६०% | ४०% | ५३.४४% | ०% | ४२% |
| ३ | सफा सुग्घर भएमा, कक्षामा अनुशासित भएमा | ०% | ८०% | ८०% | ८०% | ०% | ६०% |
| ४ | गोष्ठी, सभा, सम्मेलन, इलाका, क्षेत्र, जिल्ला स्तरीय क्रियाकलाप सहभागी भई जिलेमा वा आएमा | ६०% | ४४% | ६०% | ५३.३३% | ८०% | ५७.५% |

*(स्रोत : स्थलगत अध्ययन २०७२)*

माथिको तालिकामा शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्थाबारे विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया यस्तो रहेको छ ।

पढाइमा उत्कृष्ट (कक्षा/विद्यार्थी प्रथम, द्वितीय, तृतीय) र सह तथा अतिरिक्त क्रियाकलापमा प्रथम, द्वितीय, तृतीय भएमा ६ वटा विद्यालयका सम्पूर्ण विद्यालय व्यवस्थापनि समिति अध्यक्ष, प्रधानाध्यापक शिक्षक, विद्यार्थी तथा अभिभावकको सत प्रतिशत पुरस्कार दिएको प्रतिक्रिया पाइयो भने सधैं गृहकार्य र कक्षा कार्य गर्ने गरेमा, शिक्षकले भनेको मानेमा, कक्षामा अनुशासित भएमा, ठीक

समयमा विद्यालय आएमा, प्रश्न सोधेको जतिमा ६० प्रतिसत प्रधनाध्यापक, ४० प्रतिशत शिक्षक र ५३.३३ प्रतिशत विद्यार्थीबाट प्रतिक्रिया पाइयो । सफा सुग्घर र अनुशासित भएमा उत्प्रेरणा दिने ८० प्रतिशत प्र.अ., ८० प्रतिशत शिक्षक तथा ८० प्रतिशत विद्यार्थीको प्रतिक्रिया पाइयो भने विद्यालय भन्दा बाहिर भएका क्रियाकलापमा सहभागी भएमा ४० प्रतिशत प्र.अ., ६० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्ष, ६० प्रतिशत शिक्षक, ४३.३३ प्रतिशत विद्यार्थी र ८० प्रतिशत अभिभावकबाट प्रतिक्रिया प्राप्त भएको थियो ।

### ४.१.७ उत्प्रेरणाको प्रयोगको अवस्थाको विश्लेषण

यसै सन्दर्भमा स्वीनरले पुर्नवलको माध्यमवाट प्रतिक्रिया प्राप्त हुने र त्यसवाट सिकाइ हुन्छ भनेका छन तर यहाँ उनले सकारात्मक पुर्नवललाई वढी जोड दिएका छन भने खराव वानी हटाउन विभिन्न किसिमका उत्प्रेरणाको दुवै प्रयोग गर्ने कुरा समेत उल्लेख गरेका छन । उत्प्रेरणाको प्रकारवारे विव्यस अध्यक्ष, प्रधानाध्यपाक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया निम्न तालिकामा देखाइएको छ ।

तालिका ७ उत्प्रेरणाको प्रकारबारे प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन अध्यक्षको प्रतिक्रिया

| सि.न | विवरण | अध्यक्ष (६) | प्र.अ. (६) | शिक्षक (१२) | विद्यार्थी (१८) | विव्यस अध्यक्ष (६) विव्यस सदस्य (६) | जम्मा (४८) |
|---|---|---|---|---|---|---|---|
| १ | कपि, कलम, पेन्सिल, झोला, विद्यालय पोशाक, किताव, सामान्य ज्ञान, प्रमाणपत्र, मेडल, मिठाइ | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | स्यावास, धन्यवाद, राम्रो, धेरै राम्रो, अतिराम्रो, शरीरमा हात राखी धाप मार्ने, अझै प्रयार गर | ४०% | ६०% | ८०% | ८०% | ०% | ६३% |
| ३ | माया, ममता, मिठो स्वरले वोलाउने, कक्षामा प्रशंषा गर्ने, परीक्षामा अंक थपी दिने | ०% | ०% | ६०% | ४०% | ०% | ३०% |

*(स्रोत : स्थलगत अध्ययन–२०७२)*

माथिको तालिकाबाट नै के स्पष्ट देखिन्छ भने विद्यालयमा विद्यार्थीलाई विभिन्न निकायबाट प्राप्त भएको छात्रवृति र जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने विभिन्न शीर्षकको छात्रवृति बाहेक आर्थिक पुरस्कार दिने गरेको पनि पाइयो तर भौतिक पुरस्कार भने कापी, कलम, पेन्सिल, विद्यालय पोशाक, मेडल र प्रमाणपत्र दिने सम्पूर्ण विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक,

शिक्षक, विद्यार्थी र अभिभावकहरुको १०० प्रतिशत भएको भन्ने प्रतिक्रिया प्रश्नावली तथा छलफलका क्रममा पाइयो । उत्प्रेरणात्मक पुरस्कार शाब्दिक सवलम्वन विद्यालयका सम्पूर्ण शिक्षकले शब्दमै प्रकट गरेर स्यावास, धन्यवाद, राम्रो, धेरै राम्रो, अतिराम्रो, शरीरमा हात राखी धाप मार्ने, अझै प्रयार गर, कक्षामा प्रशंसा गरी हौसला प्रदान गरिन्छ भन्ने ४० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्ष, ६० प्रतिशत प्रधानाध्यापक, ८० प्रतिशत शिक्षक र ८० प्रतिशत विद्यार्थीको प्रतिक्रिया पाइयो । यस सवालमा अभिभावकले कुनै प्रकारको प्रतिक्रिया जनाएनन । माया, ममता, मिठो स्वरले बोलाउने, सामुहिक रुपमा प्रशंसा गर्ने, परीक्षामा अंक थप गरिदिने भन्ने प्रतिक्रिया शिक्षक विद्यार्थीको मात्र क्रमश : ६० प्रतिशत र ४० प्रतिशतको माग पाइयो भने विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, र अभिभावकको कुनै प्रतिक्रिया पाइएन ।

## ४.२ उत्प्रेरणाको प्रयोगबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा पारेको प्रभावको अवस्था

शिक्षण सिकाइमा उत्प्रेरणाबाट सिकाइ उपलब्धि बृद्धि हुने कुरामा सबैको एकै किसिमको धारणा पाइयो । सिकाइ उपलब्धि बृद्धि गर्न उत्प्रेरणाका सम्पूर्ण स्रोतहरुलाई प्रवर्धनका उपायहर अवलम्वन गर्नु पर्ने प्रतिक्रिया सबै सरोकारवालाहरुबाट पाइयो ।

विद्यालयमा भौतिक सुविधा, बालमैत्री शिक्षण तालिमको दक्षता, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग भएका विद्यालयहरुमा सिकाइ उपलब्धी राम्रो भएको पाइयो भने अरु भौतिक सुविधा नभएका तालिम अप्राप्त शिक्षक भएका र निरन्तर विद्यार्थि मूल्याङ्कन कम भएका विद्यालयहरुको सिकाइ उपलब्धी स्तर पनि न्युन रहेको पाइयो । प्राथमिक तहमा तेल्लोक उच्च माध्यमिक विद्यालय तेल्लोक र श्री लक्ष्मी निम्न माध्यमिक विद्यालय सिकैचाको सिकाइ उपलब्धी राम्रो रहेको पाइयो भने साधन स्रोत कमी भएका विद्यालयको सिकाइ  उपलब्धी वृद्धिदर न्युन रहेको पाइयो । नमूना छनोटमा परेका ६ वटा विद्यालय मध्ये पाँच वटा विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुसँग गरिएको छलफल तथा भेटघाट प्रतिक्रिया प्राप्त भएको थियो । विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग लिइएको प्रतिक्रियामा तलको तालिका अनुसार आफ विचार व्यक्त गरेको पाइन्छ ।

तालिका ८ : संयुक्त बैठक सम्बन्धी अवस्था

| क्र. सं | सूचक | अध्यक्ष ( ६) | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| १. | नियमित रुपमा संयुक्त बैठक बस्ने गरेको | २ | ३३ |
| २. | आंशिक रुपमा मात्र संयुक्त बैठक बस्ने गरेको | ३ | ५० |
| ३. | आवश्यक परेको बेलामा मा त्र संयुक्त बैठक बस्ने गरेको | १ | १७ |
| ४. | संयुक्त रुपमा बैठक बस्ने गरेको छैन | ० | ० |

नियमित बैठक बस्ने गरेको भन्ने सम्बन्धमा ३३ प्रतिशत र आंशिक रुपमा मात्र संयुक्त बैठक बस्ने गरेको छैन भन्ने विषयमा ५० प्रतिशत, आवश्यक परेको बेलामा भन्नेमा १७ प्रतिशत र बसेकै छैन भन्ने विषयमा ० प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ ।

यस सिकाइ उपलब्धी अभिवृद्धिका लागि संयुक्त बैठक बसको नियमित छैन भन्ने विषयमा सुधार गरी अनिवार्य बैठक संचालन गर्नु पर्ने वातावरण निर्मँण गर्न सकेमा थप सिकाइ उपलब्धी वृद्धि हुने देखिन्छ ।

**४.२.१ विद्यार्थीसँगको अन्तरक्रिया**

६ वटा विद्यालयका अध्ययनरत विद्यार्थीको प्रतिनिधित्व हुने गरी नमूना छनोटमा परेका कुल १८ जना विद्यार्थीहरुसँग गरिएको अन्तरक्रियाबाट निम्न अनुसारको अवस्था रहेको पाइयो ।

तालिका ९ : विद्यार्थीसँगको अन्तरक्रियाका आधारमा शिक्षण सिकाइमा उत्प्रेरणाले सिकाइ उपलब्धी बृद्धि गर्नका लागि प्राप्त प्रतिक्रिया

| सि.न | सूचक | सकारात्मक प्रतिक्रिया | सकारात्मक प्रतिशत | नकारात्मक प्रतिक्रिया | नकारात्मक प्रतिशित |
|---|---|---|---|---|---|
| १. | शैक्षिक सामग्री प्रयोगको अवस्था | १२ | ६६ | ६ | ३४ |
| २. | कक्षामा बिताएको समय | ९ | ५० | ९ | ५० |
| ३. | सक्रिय सिकाइ | ९ | ५० | ९ | ५० |
| ४. | शैक्षिक सामग्रीको उपलब्धता | १२ | ६६ | ६ | ३४ |
| ५. | मूल्याङ्कनको तरिका | १२ | ६६ | ६ | ३४ |
| ६. | कमजोर विद्यार्थीलाई सहयोग | ९ | ५० | ९ | ५० |
| ७. | विद्यार्थीको बसाइ व्यवस्थापन | १० | ५५ | ८ | ४५ |
| ८. | सिकाइ क्रियाकलापको तरिका | १० | ५५ | ८ | ४५ |
| ९. | परीक्षाको नतिजा प्राप्त गर्ने तरिका | १२ | ६६ | ६ | ३४ |
| १० | शिक्षक बैठकमा सहभागिता | १० | ५५ | ८ | ४५ |
| औसत | | १०.५ | ५८ | ७.५ | ४२ |

माथिको विश्लषण गर्दा सकारात्मक प्रतिक्रिया १०.५ अर्थात ५८ प्रतिशत हुन्छ भने नरकारात्मक अथवा सुधार गर्नु पर्ने अवस्थाको प्रतिक्रिया ७.५ अथवा ४२ प्रतिशत हुन आउँछ । यसरी हेर्दा शिक्षण सिकाइमा सरकारात्मक प्रतिक्रियाले उत्प्रेरित नै गरेको देखिन्छ । यद्दपि यो विश्लेषणबाट सुधार  गनु पनृ अवस्थाका सूचकहरुको कार्यान्वयनमा थप योजना बनाइ सूधारका लागि प्रयासको थालनी गर्नु पर्ने देखियो ।

### ४.२.२ उत्प्रेरणले सिकाइमा पारेको सकारात्मक प्रभाव

उत्प्रेरणा विद्यार्थीहरुको सिकाइमा के कस्तो सकारात्मक प्रभाव परेको छ भन्ने जिज्ञासामा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको समष्टिगत प्रतिक्रिया एउटै थियो जसमा उत्प्रेरणाबाट विद्यार्थीहरुमा पठनपाठन कार्यमा ध्यान गएको, उत्प्रेरित र उत्साहित हुने गरेको, अनुशासित भएको, समयमा पोशाक लगाएर विद्यालय नियमित आउने गरेको, अतिरिक्त क्रियाकलापमा भाग लिन

रुचाउने, कक्षाकार्य र गृहकार्य सधैं गर्ने र देखाउने गरेको, घरमा अधिकांश समयमा पढ्ने बाँकी समयमा अतिरिक्त क्रियाकलाप गर्ने गरेका, विषयवस्तुमा मेहनतका साथ कोशिस गर्ने, शिक्षकसँग राम्रो सम्वन्ध भएको, निर्धक्क रुपमा नडराई वोल्ने, हरेक कुरामा चासो राख्ने गरेको सकारात्मक र सुधारोन्मुख हौसलामुखी प्रभाव परेको प्रतिक्रिया पाइयो ।

उत्प्रेरणा पाउने विद्यार्थीहरु नियमित पोशाकमा सधैं आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थी अनिवार्य विषयको नतिजा ६० प्रतिशत भन्दा वढी अंक ल्याउने र अन्त्यमा ६५ प्रतिशत भन्दा वढी अंक ल्याएर उत्कृष्ट नतिजा ल्याउने गरेको प्र.अ. र शिक्षकसँग विद्यार्थी अफिसमा कामले मात्र आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थी सँग सम्वन्ध सुमधुर र राम्रो सम्वन्ध रहेको, पुरस्कार पाउने विद्यार्थीको अभिभावक, शिक्षक र प्र.अ. सँगको सम्वन्ध राम्रो र सुमधुर रहेको पाइयो । पुरस्कारले विद्यार्थी उत्साहित बनाउने, स्वयंलाई पढ्नुपर्छ भन्ने भावनाको विकास हुने, अतिरिक्त क्रियाकलाप सक्रिय गराउने, थप अध्ययनशिल भएर अझै राम्रो पुरस्कार प्राप्त गर्न पाए हुन्थ्यो भन्ने हौसला जागेर आउने, आफ्नो भविष्यको वाटो आफैले बनाउनु पर्छ, प्रगतितिर उन्मुख हुनुपर्छ भन्ने जस्ता सोचहरु वढ्ने प्रतिक्रिया पाइयो । यसै सन्दर्भमा कक्षा ५ मा अध्ययन गर्ने एक जना विद्यार्थीको भनाइ यस्तो थियो :– “जव म कक्षामा उत्कृष्ट, वादविवादमा उत्कृष्ट भए त्यसवेला विद्यालयले मलाई शिल्ड, मेडल, कापी, कलम, पेन्सिल, उपलब्ध गरायो त्यसबेला मेरो मनमा कुरा उब्जियो यदि मैले एउटा कक्षामा र वादविवादमा उत्कृष्ट हुँदा यस्तो पुरस्कारबाट सम्मानित भए भने म भोली एस.एस.सी. र कलेजको पढाइमा उत्कृष्ट हुँदा तथा जिल्ला र राष्ट्रिय स्तर वादविवादमा उत्कृष्ट हुँदा के होला ? भन्ने प्रश्न उठ्छ र हालमा संधै प्रथम हुन्छ तर पुरस्कारको नाममा नगद पुरस्कार दिने हो भने वाहिरी खर्च हुने, पढाइको सिलसिलामा खर्च नहुने र विद्यार्थीमा विकृति आउने भएकोले भौतिक पुरस्कार दिनु त्यती राम्रो मानिदैन ।

यसवाट के प्रष्ट हुन्छ भने वास्वतमा दण्डको तुलनामा पुरस्कारलाई वढी प्रयोग गर्दा विद्यार्थीमा दण्डबाट पर्ने सकारात्मक प्रभाव भन्दा पुरस्कारबाट पर्ने सकारात्मक प्रभाव राम्रो भएकोले सम्पूर्ण सहभागीबाट एउटै प्रतिक्रिया आएको पाइन्छ । यसको सम्पूर्ण विद्यालय परिवारलाई नै रहेक क्षेत्रमा फाइदा पुऱ्याउँदछ ।

### ४.२.३ उत्प्रेरणाले सिकाइमा पारेको नकारात्मक प्रभाव

विद्यालमा उत्प्रेरणाले नकारात्मक प्रभाव पारेको छ कि छैन भन्ने जिज्ञासामा प्रधानाध्यापक र शिक्षकले खासै नपरेको प्रतिक्रिया थियो तर पनि पछि उत्प्रेरणा पाएको कुनै विद्यार्थीले भने साथीलाई हेपेर वोल्ने गरेको, साथीसँग घमण्ड गर्ने, मात चढेको र व्यवहारमा परिवर्तन आएको, शिक्षकसँग टाढा हुँदै गएको, सधैं जान्ने हुँ भन्ने सोचाइ भएको प्रतिक्रिया थियो ।

माथि के स्पष्ट हुन्छ भने विद्यालयमा विद्यार्थीको उत्प्रेरणाको लागि पुरस्कारनै सवै पक्षको मुख्य कुरा हो भन्ने नभए पनि दण्डको तुलनामा पुरस्कारको नकारात्मक पक्ष कमी देखिन्छ । त्यसकारण उत्प्रेरणाका विभिन्न पक्षको नै प्रयोग गर्नु राम्रो हो भन्ने कुरा स्पष्ट छ ।

## ४.३ सिकाइमा उत्प्रेरणा प्रयोग सम्बन्धी समस्या

विद्यालयको भौतिक सुविधा विस्तारमा अपर्याप्तता , दक्ष तथा तालिमप्राप्त शिक्षकको अभाव, बामलमैत्री शिक्षण हुन नसक्नु, नियमित बैठक बसी गम्भिर छलफल भई योजनाबद्ध व्यवस्थित र प्रभावकारी प्रयोग हुन नसक्नु सिकाइमा उत्प्रेरणाको प्रयोग सम्बन्धी समस्या हो । उक्त समस्या सम्बन्धी छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थीसँगको छलफलमा निम्न प्रतिक्रियाहरु प्राप्त भएको थियो ।

### ४.३.१ शिक्षक उत्प्रेरणाका समस्याहरु

शिक्षक उत्प्रेरणाको वर्तमान अवस्थाको अध्ययन एवं विश्लेषण गर्दा धेरै विषय शिक्षकहरु उत्प्रेरित नै रहेको पाइयो । केही विषयमा भने त्यती सन्तुष्टि अर्थात उत्प्ररित रहेको पाइएन । नमूना छनोटमा परेका विद्यालयहरुको स्थलगत खअवलोकन प्रत्यक्ष भेटघाट र छलफल र कुराकानीका आधारमा उत्प्रेरणा कम हुनमा केही समस्या रहेको पाइयो । जस्तै शिक्षक पदप्रर्तिमा  समस्या। शैक्षिक योग्यता र तालिमको समस्या, मौद्रिक उत्प्रेरणाको समस्या, दण्ड र पुरस्कार निष्कक्ष नहुने समस्या, सामुहिक अन्तरक्रियाको समस्या आदि प्रतिक्रिया प्राप्त भएका छन् ।

### ४.३.२ भौतिक सुविधा विस्तारले उत्प्रेरणाका समस्याहरु

भौतिक सम्पन्नताका आधारमा पनि उत्प्रेरणाले प्रभाव पार्ने हुँदा कक्षाकोठा व्यवस्थापन, खेल मैदान शोचालय खानेपानी, सरसफाइ, बालमैत्री फर्निचर नहुने जस्ता समस्याहरु विद्यालय आफैले समाधान गर्न नसक्ने हुँदा अरुको मुख ताक्नु

पर्ने समस्या हुने कुरा समेत नमुना छनोटमा परेका विद्यालय व्यवस्थापन समितिका सदस्यहरु बताउँछन् ।

**४.३.३ शिक्षकको कौशल क्रियाकलापको समस्या**

दीगो सिकाइको लागि विद्याार्थीको बसाइ व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप, सामाजिक सम्बन्ध, विद्यार्थीका शारीरिक र मानसिक अवस्थाको अध्ययन, पारिवारिक पृष्ठभूमि को अध्ययन नगरी शिक्षण कार्य गरेकोले समस्याको रुपमा रहेकोले शिक्षकहरुको प्रतिक्रियाबाट प्राप्त भएको छ ।

## ४.४ शिक्षण सिकाइ उत्प्रेरणा सम्बन्धी सरोकारवालाहरुको धारणा

बालमैत्री व्यवहार, भौतिक शैक्षिक वातावरण विकास गर्न आफैमा उचित कार्य हो । यसले विद्यार्थीहरुमा पार्ने प्रभाव वा असर तथा निम्त्याउने प्रभाव बारेमा यस अगाडि नै चर्चा गरिसकिएको छ । यसमा यहाँ के उत्प्रेरणाका लागि बालमैत्री शिक्षण सिकाइको आवश्यकता छ त ? भनी सोधिएको हरेक प्रश्नको जवाफमा सरोकारवालाहरु विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रधनाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको धारणा समिटिएको छ ।

विद्यालयमा उत्प्रेरणाका लागि सवलम्बन दिने चलन परम्परागत रुपमा नै चलिआएको छ । जुन एक प्रकारको राम्रो नियम हो भने एक प्रकारले राम्रो नियम हो । यसमा उत्प्रेरणाको लागि वालमैत्री वातावरणलाई उत्साहित गर्नु पर्दछ । केहि मात्रामा हौशलाका साथै दण्डको आवश्यकता भए पनि शारीरिक तथा मानसिक रुपमा असर पुग्ने गरी दण्ड दिनु हुँदैन । वरु त्यसको सट्टा उत्प्रेरणात्मक व्यवहारले असर पारी राम्रो प्रभाव पार्ने हुनाले उत्साहमुखी वातावरण, वालमनोविज्ञान वुझेर शिक्षण गर्नु पर्दछ । जसले गर्दा विद्यार्थीहरुमा सिक्ने, पढ्ने कुरामा रुचि राख्दछन् । यदि शिक्षकले विद्यार्थीहरुलाई उत्साहित र हौसलामुखी गरी आवश्यक सल्लाह र सुझाव निर्देशन दिएर शिक्षण गर्न सकेमा उत्प्रेरणाको लागि मैत्रीपूर्ण व्यवहारका साथै सवलम्वनका माध्यमले शिक्षण गर्नुपर्ने भन्ने प्रतिक्रिया प्रधानाध्यापकले व्यक्त गरेका थिए ।

शिक्षकको अनुसार विद्यालयमा शिक्षण सिकाइको अभिन्न अंगनै उत्प्रेरणा भएकोले सवलम्वन र सवलीकरणलाई उत्साहित गर्नु पर्दछ तर यसका लागि हरेक शिक्षकहरु सचेत हुनुपर्दछ । एक शिक्षकले नकारात्मक उत्प्रेरणा दिने तर अन्य

नदिएर सवलम्वन दिएमा विद्यार्थीहरुले नटेर्ने, हल्ला गर्ने हुन्छ । जसको कारण शिक्षण गर्न गाह्रो हुन्छ । त्यसैले विद्यार्थीहरुलाई दिने नकारात्मक उत्प्रेरणा नियन्त्रण गरी हौसला र मैत्रीपूर्ण व्यवहार तथा सवलम्वन फैलाउनु सम्पूर्ण शिक्षकहरुको बराबरी भूमिका हुनुपर्दछ । शिक्षकले शिक्षण गर्दा उत्प्रेरणा अवलम्वन गर्न सकिन्छ तर यसका लागि विद्यालय प्रशासनले सहयोग गर्नु पर्दछ । विद्यालय प्रशासनले उत्प्रेरणाको लागि व्यवस्था गर्ने, शैक्षिक सामाग्री तथा शैक्षिक वातावरणको सिर्जना गर्नुपर्दछ । विद्यार्थीहरुको भावनामा असर पुऱ्याउने तथा शारीरिक र मानसिक रुपमा असर पुऱ्याउने किसिमको नकारात्मक उत्प्रेरणाको आवश्यकता हुँदैन तर मैत्रीपूर्ण वातावरण र उत्प्रेरणाबाट विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास हुन्छ भन्ने थाहा भए पनि मैत्रीपूर्ण वातावरणको प्रयोग गर्न गाह्रो र खर्चिलो हुन्छ भन्ने धारणा राखेका थिए ।

यसबाट के स्पष्ट हुन्छ भने शवलम्बनका लागि विभिन्न तरिकाको प्रयोग गर्ने शिक्षकलाई विद्यार्थीहरुले रुचाउने र माया, ममता र मैत्रीपूर्ण भावना बडाउने त्यसकारण दण्ड होइन र हौशला र उत्साह नजक वातावरणको सिर्जना गर्नु राम्रो हो भन्ने कुरा सवै सरोकारवालाहरुको भएकोले उत्साह मुखी एवं मैत्रीपूर्ण व्यवहारबाट मात्र शिक्षण गर्नुपर्दछ । यदि दण्ड दिनुपरे सुधारात्मक तथा सचेतनात्मक तरिकाबाट असर नहुने गरी दिँदा त्यसले विद्यार्थीहरुमा खासै असर पार्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

उत्प्रेरणाका लागि गरिने विभिन्न क्रियाकलापहरु वालमनोवैज्ञानिक वातावरणबाट हौसलामुखी वातावरणमा शिक्षण गरी सिकाउनु पर्दछ । विद्यार्थीहरु सवैले जानेका हुँदैनन, चन्चले हुन्छन, हल्ला गर्दछन । त्यसो गर्दा उनीहरुलाई स्यावास, धन्यवाद, राम्रो, अति राम्रो जस्ता शब्दहरुबाट शिक्षण गर्नुपर्दछ । विद्यार्थीहरुको सुनौलो भविष्य तर्फ जोड दिने गर्दछ भन्ने धारणा व्यक्त गरेका छन ।

माथिको विचार तथा प्रतिक्रिया अनुसार प्रधानाध्यापकहरुले शिक्षकमा कौशलता तथा सक्षमता भएमा हौसलावाट पनि शिक्षण गर्न सक्ने वताएका छन भने शिक्षकले सवै शिक्षकहरुको सामूहिक प्रयास तथा उचित वातावरण भएमा विद्यार्थीहरुलाई उत्साहित र मैत्रीपूर्ण वातावरणका साथ शिक्षण गर्न सकिने कुरा बताए । त्यसै गरी विद्यार्थीहरुले आफ्नो मनोभावना वुझ्ेर शिक्षण वातावरण सहज

र सुविधायुक्त बनाइ हौसलामुखी वातावरणबाट शिक्षण गर्ने कुरा बताए । अभिभावकहरुले पनि विद्यार्थीहरुलाई मैत्रीपूर्ण वातावरण तयार गरी सम्झाई बुझाई गरी शिक्षण गर्नु उपर्युक्त र विद्यार्थीहरुको भविष्य सुनौलो हुन्छ  भन्ने अभिभावकहरुको प्रतिक्रिया पाइयो ।

जोखिम रहित शिक्षण सिकाइले विद्यार्थीहरुलाई सही मार्ग निर्देशन गर्नुका साथै अनुशासित वनाउन केहि हद सम्म मद्दत गर्ने हुँदा यसलाई पूर्ण रुपमा लागु गर्नु पर्छ  किनकी हाम्रो समुदाय पूर्ण शिक्षित र परिपक्क भै सकेको छैन भन्ने धारणा छ । त्यसैगरी कामदारको क्षमता विकास गर्न जसरी पारिश्रमिक वृद्धि, पुरस्कार, तालिम, कामदार बीचको सम्वन्ध मैत्रीपूर्ण हुनुपर्दछ । त्यहीनै विद्यार्थीहरुलाई बालमैत्रीपूर्ण व्यवहारको सृजना गरी छात्रावृति, पुरस्कार, अध्ययन भ्रमण, खेलकुद, साथी अन्य व्यवहार निरन्तर अन्तरक्रिया जस्ता कुराले विद्यार्थीहरुमा हौसला वढ्न गई अध्ययनमा सफलता प्राप्त हुने देखिन्छ । त्यसैकारणले सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरुको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आई सिकाइ उपलब्धि वृद्धि हुने धारणा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको छ ।

अन्त्यमा सामुदायिक विद्यालयमा उत्प्रेरणाको वर्तमान अवस्थाको अध्ययन एवं विश्लेषण गर्ने क्रममा नमूना छनोटमा परेका शिषक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्यहर र अभिभावकसँग गरिएको प्रत्यक्ष भेटघाट, छलफल, अन्तरक्रिया, बैठक, प्रश्नावली तथा अवलोकन समेतका आधारमा शिक्षण सिकाइमा उत्प्रेरणाको अवस्था उच्च नरही मध्यम तहमा रहेको देखियो । वर्तमान शैक्षिक उत्पादन शिक्षण सिकाइ क्रियाकलाप तथा समग्र विद्यालय गतिविधि समेतले शिक्षण सिकाइमा उत्प्रेरणाको वर्तमान अवस्थाबाट निरास बन्नु पर्ने अवस्था नदेखिएता पनि गुणस्तरीय शिक्षा शिक्षण सिकाइ क्रियाकलाप अधिवृद्धि तथा सिकाइ मैत्री वातावरण निमार्णका लागि उत्प्रेरणाको वर्तमान अवस्थामा क्रमशः सुधार गर्दै उच्च तहसम्म वृद्धि गर्ने अपरिहार्य छ । यसका लागि कार्यथलमा लागि पर्ने मौद्रिक तथा भातिक उत्प्रेरणाको समयानुकुल वृद्धि गर्न सके उपलब्धी नै हुन सक्छ । शिक्षण सिकाइमा शिक्षकहरुको शिक्षण विषयवस्तुको ज्ञान, सीप र सिकाइ कौशल पर्याप्त हुँदाहुँदै पनि अपेक्षित सकारात्मक सोचको कमीलाई न्युनीकरण गर्दै पूर्ण सकारात्मकतातिर उन्मुख गर्न सके उपलब्धी हासिल गर्न सकिने कुरामा आशा गर्ने ठाउँहरु देखिन्छन् ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । पाठ्यक्रममा उल्लेखित उद्देश्यहरु हासिल गर्न योजना निर्माण, कार्यान्वयनका किसिम, विद्यार्थीहरु र विषयवस्तुहरुको प्रकृति अनुसार विभिन्न विधिहरु र विषयवस्तुको प्रकृति अनुसार विभिन्न किसिमका शिक्षण विधि तथा सामाग्रीको प्रायोग गरी ज्ञान, सीप र अभिवृद्धिको सक्षमताको विकास गर्न सकारात्मक र नकारात्मक उत्प्रेरकहरुको आवश्यकता पर्दछ । सिकाइमा महत्वपूर्ण भूमिका निर्वाह गरी उद्देश्य पूरा गराउन शिक्षण सिकाइमा उत्प्रेरणाको ठूलो स्थान रहन्छ । यसरी सामुदायिक विद्यालयको प्राथमिक तहमा उत्प्रेरणाको प्रयोगको अवस्थाले सिकाइ उपलब्धिलाई वृद्धि गर्न मद्दत गर्दछ । यसै अर्न्तगत रही ताप्लेजुङ जिल्लाको श्री तेल्लोक उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अर्न्तगतका श्री तेल्लोक उच्च माध्यमिक विद्यालय तेल्लोक-७, लक्ष्मी निम्न माध्यमिक विद्यालय सिकैंचा-१ र आदर्श प्राथमिक विद्यालय आम्वेगुदिन-१ तथा श्री भञ्याङ उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अर्न्तगतका सरस्वती माध्यमिक विद्यालय साब्लाखु, वुरुङ निम्न माध्यमिक विद्यालय आङखोप र इन्द्रावती प्राथमिक विद्यालय सादेवा समेत गरी ६ वटा विद्यालय छनौट गरी शिक्षण सिकाइमा उत्प्रेरणा सम्वन्धी अध्ययन गरिएको छ । यी विद्यालयमा छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकलाई गहन रुपमा अन्तवार्ता प्रश्नावली भर्न लगाई विशेष रुपमा उत्प्रेरणा पाउने विद्यार्थीहरुको घटना अध्ययन, उनीहरुको विद्यालयमा राखिएको अभिलेखहरु अध्ययन गर्नुका साथै शिक्षकहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कक्षा शिक्षण अवलोकन गरी प्राप्त सूचना विचार, धारणा तथा उनीहरुका जिज्ञासाहरुको गहिरो अध्ययन गरी व्याख्या तथा विश्लेषण पश्चात यस अध्ययन पूरा गरिएको छ ।

सबै विद्यालयमा राम्रो काम गर्ने मध्ये उत्कृष्ट हुनेलाई मात्र उत्प्रेरणा दिने गरेको पाइयो । कक्षा शिक्षक अवलोकनबाट मानसिक तथा शारीरिक पुरस्कार दिइएको पाइयो । शिक्षकले भनेको नमानेमा, कक्षा नियन्त्रण गर्न, अनुशासित र शान्त राख्न माप दण्ड दिने गरेको प्रतिक्रिया पाइयो भने खराव कार्य गरेमा, ढिलो आएमा, गृहकार्य र कक्षाकार्य नगरेमा, कपी, किताव नलिइ आएमा समेत दण्ड दिएको पाइयो ।

उत्प्रेरणाको लागि पुरस्कारको नाममा परम्परागत शैलीलाई नै निरन्तरता दिइएको पाइयो । जिल्ला शिक्षा कार्यालय र अन्य संस्थाहरुले दिने गरेको छात्रावृति देखि बाहेक नगद पुरस्कार समेत दिने गरेको पाइयो । कापी, किताव, पेन्सिल, विद्यालय पोशाक, झोला, सामान्य ज्ञान, मेडल र प्रमाणपत्र जस्ता भौतिक पुरस्कारहरु दिने गरेको पाइयो । पुरस्कारको रुपमा उत्प्रेरणात्मक शब्दहरु समेतलाई सिकाइ उत्साहित गरेको पाइयो ।

त्यसैगरी खराव आचरण वा नकारात्मक प्रवृतिलाई हटाउन उत्प्रेरणाको प्रयोग गरेको पाइयो । सुधारात्मक र सचेतनात्मक रुपवाट दिएको उत्प्रेरणाले विद्यार्थीहरुमा केही सकारात्मक प्रभाव परेको पाइयो जस्तै खराव आचरणवाट सावधानी, समयमानै विद्यालयमा उपस्थिति, अनावश्यक हल्ला नगर्ने, गृहकार्य तथा कक्षाकार्य गर्ने गरेको आदि । उत्प्रेरणाको विभिन्न प्रकार पुरस्कारको माध्यमबाट उत्साहित तथा उत्प्रेरित भई विभिन्न विधा र क्षेत्रमा सक्रिय प्रतिस्पर्धा गर्ने गरेको पाइयो । उत्प्रेरणाको कारणले कुनै कुनै विद्यालयहरुमा अरुलाई हेप्ने हेलचेक्राई गर्ने, घमण्ड देखाउने जस्ता नकारात्मक प्रभाव पाइयो ।

उत्प्रेरणाको लागि मात्र सिकाइ गर्ने बानीको विकास भएकोले दिगो, पूर्ण र प्रभावकारी सिकाइ भएको पाइयो र प्रधानाध्यापक, शिक्षक, र अन्य विद्यार्थीहरुसँग सम्वन्ध भएको पाइयो । पुरस्कार पाउने विद्यार्थीहरुको सिकाइस्तर औसतमा ६५ प्रतिशत भन्दा वढी पाइयो । उत्प्रेरणाले विद्यार्थीहरुलाई उत्साहित वनाई स्वयं सिक्नुपर्छ भन्ने भावनाको विकास हुने भएको हुँदा सृजनात्मक कार्यमा जोड दिन सिकाइ पूर्ण दिगो र प्रभावकारी भएको पाइयो । कक्षा शिक्षण वातावरणले मित्रवत भावनाको सकारात्मक विकास गरी शिक्षण सिकाइमा हौसलामुखी, वालमैत्री वातावरणको विकास गर्ने भएकोले विद्यार्थीको मनोविज्ञानलाई बुझी स्तर, तह र क्षमताको लागि उचित वातावरणमा शिक्षण सिकाइ गर्न सिकाइको वातावरण सृजना गर्नुपर्ने अवस्था पाइयो ।

## ५.१ निष्कर्ष

प्राथमिक तह कक्षा १-५ का विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास गर्ने र विद्यार्थीको अन्तनिर्हित प्रतिभाको प्रस्फुटन गराउने जस्ता उद्देश्य अनुरुप सञ्चालन हुने भएको हाम्रो शिक्षा व्यवस्था वा प्रणाली भए पनि कार्यान्वनको पक्षमा भने खुकुलो भएको छ । शिक्षामा प्रजातान्त्रिक मूल्य मान्यता अनुरुप शिक्षा प्रदान गर्ने भनिए

तापनि नेपालमा सामुदायिक र संस्थागत विद्यालय गरी दुई खाले शिक्षा रही आएको छ ।

सामुदायिक विद्यालयमा हालसम्म पनि परम्परागत शैलीमा पठनपनठन कार्य सञ्चालन हुँदै आएको पाइन्छ । शिक्षकहरुमा उचित किसिमको योग्यता, दक्षता, तालिमको अभाव, बालमनोविज्ञान तथा बालमैत्री वातावरणको अभाव, शिक्षाशास्त्र संकायबाट उत्तीर्ण गरेका शिक्षकको अभावले हरेक विद्यालयमा सिकाइ वातावरण सौहार्द्रपूर्ण तथा उत्साहजनक हुन सकेको छैन । प्रधानाध्यापकहरूले निरङकुश नीति नियमको व्यवस्था गरी शिक्षकलाई कडा निर्देशन दिने गरेका, शिक्षकहरुले पनि परम्परागत निरङकुश शैलीमा शिक्षण कार्य गरेको पाइन्छ । उनीहरुले विद्यालयमा विद्यार्थीहरुलाई कुनै न कुनै रुपमा  शारीरिक तथा मानसिक दण्ड दिने गरेको तर उत्प्रेरणात्मक हौसला दिन विद्यालयको मुख ताक्नु परेको अवस्था देखिन्छ । सामान्य कमी कमजोरीहरुमा दण्ड दिने गरेको पाइन्छ भने पढाइमा, अतिरिक्त तथा सह क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई मात्र पुरस्कार दिने गरेको पाइन्छ । विद्यार्थीहरुलाई अनुशासित वनाउन उनीहरुमा रहेका बानी व्यवहार सुधार गर्न पढाइमा अध्ययनशील बनाउन, कक्षा नियन्त्रण गर्न र शान्त गराउनको लागि विभिन्न अवस्थामा दिइने शारीरिक तथा मानसिक दण्डहरुको प्रकृतिलाई निराकरण गरी उत्प्रेरणाको लागि पुरस्कारको प्रयागलाई बढाउन वढी प्रभावकारी हुने धारणा समेत पाइयो ।

असल आचरणका कारण प्राप्त हुने प्रतिफल अनुरुप विविध क्षेत्रमा प्रथम, द्वितीय र तृतीय हुनेलाई मात्र भौतिक पुरस्कार वा अन्य पुरस्कार दिने गरेको पाइयो । सामुदायिक विद्यालयको प्राथमिक तहमा नियमित, अनुशासित तथा सफा सुग्घर हुने विद्यार्थीहरुलाई उत्प्रेरणा दिने गरेको पाइयो । दण्ड दिने कार्यबाट विद्यार्थीहरुमा नकारात्मक प्रभाव वढी परेर विद्यार्थीमा जोस, जाँगर, उत्साह, उत्कृटता, निर्धकता, मेहनत गर्ने वानीमा सुधार नभएको पाइयो भने यसको तुलनामा पुस्कारवाट नकारात्मक प्रभाव न्यून मात्रामा परेको पाइयो ।

यसै सन्दर्भमा सरोकारवालाहरुको भनाईमा विद्यालयको प्राथमिक तहमा दण्ड दिनु अनिवार्य नभइ अनुचित कार्य भएपनि सुधारात्मक र चेतनात्मक तवरबाट उत्प्रेरणा दिनुपर्ने तर विद्यार्थीहरुको आर्थिक, भौतिक, सामाजिक, संवेगात्मक, वौद्धिक

तथा मानसिक अवस्थाका आधारमा वृद्धि र विकासमा कुनै प्रकारको असर पर्ने गरी हुनुपर्ने प्रतिक्रिया प्राप्त भयो । विद्यार्थीहरुलाई सम्झाई बुझाई उत्प्रेरणात्मक शब्दहरुको प्रयोग गरी प्रजातान्त्रिक पद्धति अनुरुप पुरस्कारको माध्यमबाट शिक्षण गर्नेपर्ने धारणा सम्वन्धित सरोकारवालाको रहेको पाइयो ।

निष्कर्षमा सामुदायिक विद्यालयको शिक्षण सिकाइमा उत्प्रेरणाको बारेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावक सवैले उत्प्रेरणानै उचित कार्य भएको कुरामा सहमत छन् । विद्यार्थीहरुको भविष्य उज्यालो बनाउने, विद्यालयमा विद्यार्थीको सर्वपक्षीय कार्यमा राम्रो असर पुऱ्याउने खालका क्रियाकलापहरु अवलम्वन गर्नुपर्ने कुरा बताएका छन । विद्यार्थीहरुलाई उत्प्रेरणाको लागि मैत्रीभावपूर्ण व्यवहारको आधारमा पुरस्कारको माध्यम वा सिकाइ सञ्चालन गर्नुपर्ने सुझावहरु सवै पक्षको प्राप्त भएको छ । त्यसकारण दण्डको प्रयोगलाई निरुत्साहित गर्ने सवैलाई आ-आफ्नो पक्षबाट पहल गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ । पुरस्कारमुखी सिकाइबाट दिगो प्रभावकारी र पूर्ण सिकाइ हुने कुरा निश्चित देखिएको छ ।

## ५.२ सुझावहरु

अध्ययनको उद्देश्य पूर्तिको लागि साधनहरुको प्रयोगबाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ । विभिन्न क्षेत्रबाट प्राप्त भएका प्राथमिक तथा द्धितीय तथ्याङ्कका आधारमा सामुदायिक विद्यालयमा भइरहेको अवस्था पहिचान गरी शिक्षण सिकाइमा उत्प्रेरणा सम्बन्धी लेखाजोखा गरी शिक्षण सिकाइबाट हुने सिकाइ उपलब्धी सम्बन्धी व्यवस्था र शिक्षण सिकाइमा उत्प्रेरणाको प्रयोग सम्बन्धी समस्याको विश्लेषण गरी व्याख्या विश्लेषणबाट निकालिको सुझावहरु निम्नअनुसार छन् ।

### ५.२.१ नीतिगत तह

विद्यार्थीहरुलाई विभिन्न प्रकृतिका शारीरिक दण्ड र विभिन्न शब्दको प्रयोग गरी तथा कडा नियम बनाएर हतोत्साहित बनाउनु भन्दा विद्यालयमा सबै पक्ष मिलेर छलफल र सहकार्य गरी नीति नियम बनाउनु पर्ने ।

दिइदै आएको भौतिक पुरस्कारमा परिवर्तन गरी विद्यार्थीहरुले प्रत्यक्ष लाभ लिने पुरस्कार लागू गर्नु पर्ने वा उनीहरुको आवश्यकता पूरा हुने गरी उत्प्रेरणा दिनु

पर्ने जस्ले गर्दा कक्षा शिक्षण सिकाइ क्रियाकलापमा उत्प्रेरित हुन सकुन र शिक्षकहरुलाई कक्षा शिक्षणका क्रममा हौसलामुखी वातावरण श्रृजना गर्न प्रधानाध्यापकले निर्देशन दिनु पर्ने ।

सह तथा अतिरिक्त क्रियाकलाप  र पढाइमा उत्कृष्ट हुने बाहेक सफा सुग्घर, अनुशासित, मेहनती, गरीब, कमजोर विद्यार्थीहरुलाई हौसला स्वरुप उत्प्रेरणाको व्यवस्था सबै विद्यालयहरुमा गर्नु पर्ने ।

विद्यार्थीहरुलाई सिकाइ प्रति आकर्षित गर्न विद्यालमा रमाइलो बालमैत्री पूर्ण वातावरणमा हौसलामुखी वातावरण तयार गरी शिक्षकले शिक्षण गर्नु पर्ने ।

विद्यालयमा प्रयोग गरिने दण्डलाई निरुत्साहित गरी पुरस्कारलाई प्रोत्साहित गर्न शिक्षकहरुलाई उचित तालिम, बालमनोविज्ञानको ज्ञान दिने व्यवस्था र विद्यालय व्यावस्थापन समिति हो अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिले गर्नु पर्ने ।

शिक्षक नियुक्ती गर्दा नातेदार तथा राजनीतिमुखीलाई मात्र नभइ तालिक प्राप्त र बालमनोविज्ञान बुझ्ने दक्ष, तालिक प्राप्त जनशक्ति बीच प्रतिस्पर्धा गराएर नियुक्ती गर्नुपर्छ ।

विद्यालयमा प्रधानाध्यापकले शिक्षकले गरिरहेको शिक्षण, विद्यार्थीमा गरिनु पर्ने व्यवहारको अनुगमन गर्नु पर्ने र प्रधानाध्यापक वा विद्यालयले बनाएका नीति, नियम र व्यवस्थाप्रति जिल्ला शिक्षा कार्यालयले समय समयमा अनुगमन गर्नु पर्ने ।

शरीरिक तथा मानसिक दण्डबाट विद्यार्थीहरुमा गम्भिर प्रभाव पुऱ्याउने खालका दण्ड दिने, प्रधानाध्यापक तथा शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीले विभागीय कार्यवाही गर्न सक्ने व्यवस्था हुनु पर्ने र उत्प्रेरणाबाट पर्ने राम्रो प्रभावलाई केलाएर कार्यान्वयन गर्ने विद्यालयमा सम्पूर्ण कर्मचारीलाई जिल्ला शिक्षा कार्यालयले सम्मान गर्नु पर्ने ।

### ५.२.२ अभ्यास तह

#### स्थानीय तह

विभिन्न मनोवैज्ञानिक प्रभावले गर्दा विद्यार्थीहहरुको सर्वाङ्गीण पक्षमा कमजोर महसुस भई सुधारात्मक भन्दा  गिरावट आएर प्रधानाध्यापक र शिक्षकहरु प्रति नकारात्मक धारणा, प्रतिशोधको भावना विकास भएकाले त्यसलाई त्याग गरी सकारात्मक र बालमनोभावना बुझेर मात्र शिक्षण गर्नु पर्ने ।

विद्यालयमा पढाइ र सह तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुनेलाई मात्र उत्प्रेरित दिनुका अतिरिक्त अन्य कमजोर विद्यार्थीहरुमा चेतना जगाउने गरी प्रोत्साहनमा जोड दिए पनि सम्पूर्ण विद्यार्थीहरुले थाहा पाउने गरी प्रशंसा गर्ने र उत्साहित पार्ने ।

विद्यार्थीहरुले कक्षा कोठामा गरेका नकारात्मक कार्यको शिक्षकहरु स्वयंले सम्झाइ बुझाइ आफ्नो कतर्व्य पालना गर्ने गर्नु पर्दछ । नकारात्मक कार्य गर्ने विद्यार्थीहरुलाई अफिसमा लिएर प्रधानाध्यापकलाई बुझाउनु नहुने त्यसो गर्दा शिक्षकहरुको कमजोरी देखिने हुँदा आफैले समस्याको समाधान गर्नु पर्दछ ।

विद्यालय तथा कक्षा कोठामा विद्यार्थीहरुमा सकारात्मक भइ स्वतन्त्रपूर्वक आफ्ना जिज्ञासाहरु राख्न सक्ने, नजानेको सहजै सोध्न सक्ने अनुभूति शिक्षकहरुले विद्यार्थीहरुलाई गराउनु पर्ने ।

विद्यार्थीहरुलाई दिइएकोको सिकाइ उपलब्धी सम्बन्धमा अभिभावकहरुका गुनासा आएकोले विद्यालयले समुदायसंगको सम्बन्धमा सुधार गर्न प्रधानाध्यापक र शिक्षकबीच सहकार्य हुनु पर्ने ।

विद्यार्थीहरुलाई सिकाइ क्रियाकलापमा बढीभन्दा बढी हौसला दिइ प्रोत्साहित गर्न धन्यवाद, स्यावास, पुरस्कार तथा प्रशंसामा वृद्धि गर्न सामुदायिक विद्यालयले जोड दिनु पर्ने ।

दण्डबाट विद्यार्थीहरुमा नकारामक प्रभाव बढी परेको र सकारात्मक प्रभाव कम परेकोले दण्डका वैकल्पिक उपायहरु (प्रजातान्त्रिक वातावरण, अनुसाशन तथा राम्रो व्यवहार) शिक्षकले अँगाल्नु पर्ने

पुरस्कारबाट विद्यार्थीहरुमा सकारात्मक प्रभाव बढी परेकोले यसलाई हाल गरिएको भन्दा बढी जोड दिनु पर्ने र नमकारत्मक प्रभाव परेको विद्यार्थीहरुलाई समयमै सचेत गराउनु पर्ने ।

आफ्ना छोराछोरीले पाउने दण्डको र त्यसले पार्ने प्रभावका बारेमा अभिभावकहरु समयमै सचेत हुनु पर्ने र आफ्ना छोराछोरीले प्राप्त गर्ने पुरस्कारलाई बढावा दिन अभिभावकहरुले विद्यालय र उसको आम्दानीको स्रोतमा सहयोग गरी कार्यान्वयनमा समय बढाउनु पर्ने ।

विद्यालयलमा भएका शैक्षिक सामग्रीको उचित र व्यवहारिक प्रयोग न्युनतम स्रोत साधनलाई अधिकतम उपयोग गरी शिक्षण सिकाइमा अभिवृद्धि गर्नु पर्ने ।

**जिल्ला तह**

शिक्षण सिकाइमा उत्प्रेरणाका लागि शिक्षकको योग्यता, कार्यक्षमता, क्रियाशीलता, नियमितता, प्रवर्द्धनात्मक कार्य, शिक्षण सिकाइ क्रियाकलाप एवम् शैक्षिक सुधारका लागि गरिएका प्रयासहरू, प्रयत्न तथा राम्रा अभ्यासहरू आदिलाई निरन्तर हौसला बढाउँदै उत्प्रेरित अवस्थामा राख्नका लागि नियमित निरीक्षण, अनुगमन तथा सुपरीवेक्षणलाई व्यवस्थित गर्नुपर्ने ।

सिकाइ उपलब्धिका लागि उत्प्रेरणाले पार्ने प्रभावको सम्बन्धमा भौतिक वातावरण, सवल र सुदृढ बनाउँदै विद्यालयलाई शैक्षिक सुचना केन्द्रको रुपमा विकास गर्नुपर्ने ।

जिल्ला शिक्षा कार्यालयबाट सञ्चालन हुने जुनसुकै तालिम, गोष्ठि, सेमिनारमा थोरै भएपनि समय व्यवस्थापन गरेर उत्प्रेरणा, सकारात्मक सोच र मानव मूल्यका विषयमा आंशिक रुपमा भएपनि जानकारी हुनेगरी कार्यक्रम बनाइ कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

विद्यालय पनि एउटा सानो समाज भएकोले विद्यालय परिवारमा संप्रेशित यस किसिमका विषयले विद्यालय सेवा क्षेत्र भित्रको समाज मै सकारात्मक प्रभाव पर्न जान्छ । विद्यालयको सिकाइ वातावरण राम्रो बनाउन थप उपलब्धि हासिल गर्न बारम्बार प्रयत्न गर्नुपर्दछ

**केन्द्र तह**

विद्यमान ऐन नियमावलिमा व्यवस्था भएको शिक्षक विद्यार्थी आचार संहिता, पुरस्कार र दण्ड सजाय सम्बन्धि व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याउनु जरुरी छ । राम्रो काम गर्नेलाई हौसला, नियम विपरित अर्थात गलत काम गर्नेलाई दण्ड सजाय दिने कानुनी व्यवस्था कडा भएमा राम्रो काम गर्नेको मनोबल बढ्ने आत्म सम्मानको अनुभूति भइ अझ उत्साहित भएर कामप्रति सचेत र नियमित हुन्छ । भने गलत काम गर्नेलाई उचित दण्ड सजाय गर्ने गरेमा त्यस्ता प्रकृतिको कार्य

नदोहोरिनुको साथै गलत कार्य रोकिन सक्छ । यो कार्यले शिक्षण सिकाइमा उत्प्रेरणाका वर्तमान अवस्था वृद्धि हुन सक्छ ।

**५.२.३ अनुसन्धान तह**

खराव कार्य गर्ने विद्यालयमा शिक्षण क्रियाकलाप प्रतिकुल कार्य गर्ने विद्यार्थीहरुलाई दण्डको माध्यमले भन्दा सम्झइ कुभइ गरेर सुधारात्मक बाटोमा लाग्न उत्प्रेरित गर्ने ।

शिक्षकहरुले हरेक विद्यार्थीहरुलाई नियालेर विद्यार्थीहरुको घटना अध्ययन गरी के कारणले विद्यार्थी कमजोर भयो ? किन यस्तो गतिविधि गर्दछ भन्ने कुरा पत्ता लगाइ सरकारात्मक रुपले समस्या समाधान गर्नु पर्दछ ।

शिक्षा प्रणालीमा भएको कमीकमजोरीको कारणले विद्यार्थीहरु अप्रत्यक्ष रुपमा बालमैत्री शिक्षण सिकाइले यस प्रति शिक्षाविद, पाठ्यक्रमविद् र मनोवैज्ञानिको सहकार्यमा पाठ्यक्रममा सुधार गर्नु पर्ने ।

यो अध्ययन शिक्षण सिकाइमा उत्प्रेरणाको वर्तमान अवस्था र यसले सिकाइ उपलब्धी र गुणस्तरीय शिक्षामा पारेको प्रभावमा केन्द्रित छ । विद्यालयको विकासमा पारेको प्रभावको पक्षमा मौन छ तसर्थ आगामी अध्ययनमा उत्प्रेरणाले संस्थागत विकासमा के-कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा अध्ययन गर्न आवश्यक छ ।

यो अध्ययन शिक्षण सिकाइमा उत्प्रेरणा सम्बन्धी प्रभाव अध्ययनमा केन्द्रित छ । आगामी अध्ययनमा कुनै एउटा पक्षमा अध्ययन नगरी अध्ययन गर्दा समग्र पक्षको अध्ययन गर्नु अझ उपयुक्त हुनेछ ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६६), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाण्डौं : आशिष बुक्स हाउस ।

अयडी, रतन (२०६६ फाल्गुण), *पत्रकारिता छाडेर शिक्षक वन्ने जम्काभेट,* अन्तरवार्ता, शिक्षक मासिक, पृ. ६४, ललितपुर : पाटनढोका ।

आचार्य, नन्दकुमार (२०६६), *हाम्रो विद्यालयको शिक्षण सिकाइ र पुरस्कारको व्यवस्था कस्तो छ ?* पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण, काठमाण्डौं : त्रि.वि. ।

कोइराला, विद्यानाथ (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : स्टुडेन्ट बुक एण्ड पब्लिशर्स ।

घिमिरे, पुन्यप्रसाद (२०६७), *शिक्षणमा उत्प्रेरणाको उपयोग,* (शिक्षक मासिक) भक्तपुर नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी ।

घिसिङ, रामसिंह (२०६६ माघ), *जो इमान्दार उही सम्मानित,* (शिक्षक मासिक) ललितपुर : पाटनढोका ।

जिविस (२०६७/०६८), *एकीकृत वार्षिक जिल्ला विकास योजना,* ताप्लेजुङ जिल्ला विकास योजना ।

नेपाल, मोदनाथ (२०६६), *सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. काठमाण्डौं ।

पराजुली, आनन्द (२०६६), *मित्रता जीवन अनुभवको पानावाट नियाल्दा,* शिक्षा मासिक, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौं : लुम्विनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०६३), *शिक्षा मनोविज्ञान,* काठमाण्डौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, रामनाथ र शर्मा रानेन्द्र कुमार (१९९६), *शिक्षा दर्शन,* नयाँ दिल्ली : एटलान्टिक पब्लिशर्स एण्ड डिष्ट्रिब्यसटर्स ।

शिक्षा विभाग (२०६३/०६४), *शिक्षा विभागद्वारा गरिएको एक अध्ययन प्रतिवेदन,* नेपाली रुपान्तरण, भक्तपुर : शिक्षा विभाग, सानोठिमी ।

शैक्षिक जनशक्ति विकास केन्द्र र सेभ द चिल्र्डेन (२०६४), *सजाय रहित शिक्षण तरिका,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

सुब्बा, रोसन (२०६६ असार ११), *बालबालिकाको सजाय,* (कान्तिपुर दैनिक २०६६ असार ११), काठमाण्डौं ।

Best, J.W. and kahan J.V. (1995) *Research in education*, New Delli : prentice Hall of India Pvt.Ltd .

Bhandari, Neha (2006). *Working Against and degrading/ humiliatingpunishment*, sundhara, Kathmandu : save the children .

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची १

## प्राध्यानाध्यापकका लागि प्रश्नावली

१) विद्यालयको शैक्षिक गुणस्तर उकास्न के कस्ता क्रियाकलापहरु वा योजनाहरु निर्माण गर्नु भएको छ ?

२) सिकाइ र योजनालाई सफल बनाउन उत्प्रेरणाले कस्तो भूमिका निर्वाह गरेको पाउनु भएको छ ?

३) प्रभावकारी सिकाइको लागि तपाईको विद्यालयमा कस्तो कस्तो भौतिक सुविधा विस्तार र मैत्रीपूर्ण व्यवस्था गर्नु भएको छ ?

४) भौतिक पुरस्कार र शाब्दिक उत्प्रेरणाको लागि शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारी भएको अनुभूति गर्नु भएको छ ? कसरी ?

५) शैक्षिक गुणस्तर विकासको लागि मासिक बैठक, शिक्षणमा सुधार गर्नु पर्ने योजनाको व्यवस्था गर्नु भएको छ ? किन ?

६) शिक्षक विद्यार्थी बीचको अन्तरक्रिया गरी राम्रो कार्य समेतको छनौट कसरी गर्ने गर्नु भएको छ र किन ?

७) अनुगमनबाट पृष्ठिपोषण महिनामा कति पटक दिने गर्नु भएको छ ?

८) वढी प्रभावकारी र दिगो सिकाइको माध्यम बनाउन के-के क्रियाकलाप गरे राम्रो हुन्छ ?

९) शिक्षण सुधार योजना पनि वनाउनु भएको छ र कार्यन्वयनको अवस्था के छ ?

१०) शिक्षण सिकाइमा उत्प्रेरणाले पारेको प्रभाव सम्वन्धमा कसरी व्यवस्थापन गर्नु भएको छ ? र यस्को प्रभाव सम्वन्धमा आफ्नो अनुभव कस्तो छ ?

११) सिकाइ उपलब्धी वृद्धि गर्न शिक्षक विद्यार्थी , अभिभावकलाई छुट्टाछुट्टै उत्प्रेरित गर्ने योजना के-के होलान?

१२) शिक्षण सिकाइमा सुधार ल्याउने प्रमुख भूमिका कसरी निर्वाह गर्ने योजना बनाउनु भएको छ ?

१३) हालसम्मको सिकाइ उपलब्धी र यसमा देखिएका चुनौती र समाधानका उपायहरु के-के हुन सक्छन् ?

## शिक्षण सिकाइमा उत्प्रेरणा

### अनुसूची २

### शिक्षकका लागि प्रश्नावली

१) तपाईलाई कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीहरु के गरिरहेका हुन्छन् ?

२) तपाई कक्षाकोठामा प्रवेश गर्दा के लिएर प्रवेश गर्नुहुन्छ ? किन ?

३) तपाईले विद्यार्थीहरुलाई उत्प्रेरणा दिने गर्नु भएको छ कि छैन ? यदि भए कस्तो-कस्तो अवस्थामा दिने गर्नु भएको छ ?

४) तपाईले उत्प्रेरणा जगाउने कार्य गर्नु भएको छ कि छैन ? यदि भए कस्तो-कस्तो अवस्थामा दिने गर्नु भएको छ ?

५) उत्प्रेरणात्मक पुरस्कार सम्वन्धि तपाईको धारणा के कस्तो रहेको छ ? किन ?

६) तपाईले विद्यार्थीहरुलाई पुरस्कार दिंदा के परिणाम पाउनु भएको छ ?

७) उत्प्रेरणात्मक पुरस्कारले विद्यार्थीमा के कस्तो प्रभाव पार्ने गरेको छ ? किन ?

८) तपाईको विचारमा शिक्षण सिकाइमा उत्प्रेरणा दिनु आवश्यक छ ? किन ?

९) उत्प्रेरणा सम्वन्धि तपाईको विचार के छ ? किन ?

१०) शिक्षण सिकाइमा उत्प्रेरणाको आवश्यकताबारे तपाईको विचार के छ ? किन ?

११) कक्षा १ देखि कक्षा ५ सम्मको कक्षागत सिकाइ उपलब्धी कति हो?

१२) सिकाइ उपलब्धी वृद्धि नहुनुको प्रमुख कारण के-के होलान ?

१३) सिकाइ बडाउनको लागि तपाइँको तर्फबाट के-कस्तो योजना र क्रियाकलाप गर्नु पर्ला?

१४) व्यवहारिक र प्रभावकारी शिक्षण सिकाइका लागि अभिभावकले, प्रधानामध्यापकले र विद्यार्थीले के-के गरे राम्रो जस्तो लाग्छ ?

१५) शिक्षण सिकाइमा उत्प्रेरणा ल्याउने उपायहरु के-के होलान ?

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची ३

## अभिभावकका लागि प्रश्नावली

१) छोराछोरीलाई शिक्षाको आवश्यकता छ कि छैन ?

२) सिकाइ प्रति विद्यार्थीलाई उत्साहित गराउन के गर्नु पर्छ ?

३) विद्यार्थीहरुलाई उत्प्रेरणाले तथा हौसलाले सिकाइमा उत्साहित गर्छ कि गर्दैन ?

४) भौतिक पुरस्कार र नगद पुरस्कार कुनलाई वढी प्राथमिकता दिनु हुन्छ र किन ?

५) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विद्यालयको वातावरण कस्तो भए राम्रो हुन्थ्यो ? सकिंदैन ?

६) अहिले सम्म तपाईले देख्नु वा थाहा पाउनु भएको विद्यालयको अवस्था सुधार्न कस्ता कस्ता कार्य गर्नु पर्ला ?

७) दिइएको वा थाहा पाउनु भएको उत्प्रेरणा मध्ये सवभन्दा वढी मन पराएको कुन हो ?

८) विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गर्न दण्ड र पुरस्कार दुवै कस्तो ठान्नु भएको छ ?

९) उत्प्रेरणा भनेको के हो ? यसवाट शिक्षण सिकाइमा पर्ने प्रभाव कस्तो भएको थाहा पाउनु भएको छ ?

१०) माया गरी वालमनोभावना वुझेर शिक्षण सिकाइ गर्दा विद्यार्थीको रुची वढेको थाहा पाउनु भएको छ ? छ भने कसरी ?

११) विद्यालयको विद्यार्थीको सिकाइ सुधार ल्याउन के गर्नु पर्ला?

१२) शिक्षकले के गरेमा सिकाइ उपलब्धी बड्ला?

१३) विद्यार्थीलाई विद्यालयमा गुणस्तरी शिक्षाको लागि अभिभावकको भूमिका कस्तो हुनु राम्रो हुन्छ ?

१४) तपाइँ र अरु अभिभावकहरुले सिकाइ उपलब्धी कमजोर हुनुको मुख्य कारण के देख्नु भएको छ ?

१५) अव सुधार गर्न थप अरु अभिभावकको भूमिका कस्तो हुनु पर्दछ ?

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची ४

## विद्यार्थीका लागि प्रश्नावली

१) तिमी कति कक्षामा पढ्छौं ?

२) तिम्रो विद्यालयमा पढाउँदा गुरुले कस्तो किसिमको सामग्री लिएर कक्षामा आउनु हुन्छ ?

३) तिमीले पुरस्कार पाएका छौ कि छैनौं ? यदि पाएको भए कस्तो पाएका छौं ?

४) तिमीले तिम्रो गुरुले पडाउँन सुरु गर्दा कस्तो उत्प्रेरणा दिनु हुन्छ ?

५) बढी दण्ड पाएको भए कुन कुन प्रकारको वा पुरस्कार पाएको भए कस्ता कस्ता पाएका छौं ?

६) गुरुले सिकाउँदा गरेको क्रियाकलाप मध्ये कुन राम्रो लाग्छ ? किन ?

७) तिम्रो विचारमा पडाइ गरेको बेला गली गर्नु र स्यावास दिनु कुन राम्रो लाग्छ र किन ?

८) तिमीलाई गुरले के गर्दा पिट्नु हुन्छ ?

९) तिमीलाई गुरुहरु मध्ये बालमैत्रीपूर्वक पडाउने गुरुलाई किन माया गर्छौं ?

१०) भौतिक पुरस्कार र शाब्दिक पुरस्कारमा के भिन्नता छ ?

११) तिमीलाई सरले दिएको उत्प्रेरणा सम्बन्धी क्रियाकलाप मध्ये सवै भन्दा मन पर्ने कुन क्रियाकलाप हो र किन ?

१२) के आत्मवल वढाउन पाएको उत्प्रेरणा तिमीलाई कस्तो लाग्यो ?

१३) तिमीलाई गुरुबाट गरिने कस्तो कस्तो व्यवहारको आशा पनि गरेका छौं ?

१४) बालमैत्री कक्षा बनाउन अभिभावकहरुको पनि भूमिका हुन्छ र अरु के-के क्रियाकलाप गरे राम्रो होला ?

१५) पडाइमा के-के समस्या परेका छन् र ति समस्या आउनुको कारण के होला ?

१६) पडाइ सिकाइ सजोलो बनाउन के-के गर्नु पर्ला ?

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची ५

## नमूना छनौटमा परेका विद्यालयहरु

स्रोतकेन्द्र : श्री तेल्लोक उमावि स्रोतकेन्द्र अर्न्तगतका विद्यालयहरु :–

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | तेल्लोक उमावि | तेल्लोक-७, ताप्लेजुङ |
| २ | लक्ष्मी निमावि | सिकैंचा-१, ताप्लेजुङ |
| ३ | आदर्श निमावि | आम्वेगुदिन-१, ताप्लेजुङ |

स्रोतकेन्द्र : श्री भञ्याङ उमावि स्रोतकेन्द्र अर्न्तगतका विद्यालयहरु :–

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | सरस्वती मावि | साब्लाखू-३, ताप्लेजुङ |
| २ | वुङरुङ निमावि | आङखोप-८, ताप्लेजुङ |
| ३ | इन्द्रावती प्रावि | सादेवा-७, ताप्लेजुङ |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची ६

## छनौटमा परेका प्रधानाध्यापकहरुको विवरण

| क.स. | प्र.अ.हरुको नाम थर | विद्यालयको नाम | शैक्षिक योग्यता | उमेर वर्ष | शिक्षण अनुभव |
|---|---|---|---|---|---|
| १ | रुकमान थेवे | तेल्लोक उमावि तेल्लोक | एम एड | ४२ | १४ वर्ष |
| २ | बमवहादुर भट्टराई | लक्ष्मी निमावि सिकैंचा | आइ एड | ४६ | २२ वर्ष |
| ३ | काजीमान पौडेल | आदर्श प्रावि आम्वेगुदिन | एम एड | ४५ | २१ वर्ष |
| ४ | शान्तिराम मिश्र | सरस्वती मावि साब्लाखू | एम एड | ३९ | १३ वर्ष |
| ५ | पारसमणी निरौला | वुङरुङ निमावि आङखोप | एस एल सी | ४७ | २५ वर्ष |
| ६ | प्रेमराज डाँगी | इन्द्रावती प्रावि सादेवा | आइ एड | ४३ | २७ वर्ष |

**छनौटमा परेका शिक्षकरुको विवरण**

| क.स. | शिक्षकहरुको नाम थर | विद्यालयको नाम | शैक्षिक योग्यता | उमेर/वर्ष | शिक्षण अनुभव |
|---|---|---|---|---|---|
| १ | गोविन्द विष्ट | श्री लक्ष्मी निमावि | वि एड | ३८ | १८ वर्ष |
| २ | विष्णु वहादुर लिम्वु | श्री लक्ष्मी निमावि | आइ एड | ५१ | २८ वर्ष |
| ३ | काजीमान भण्डारी | श्री तेल्लोक उमावि | एस एल सी | ४८ | २७ वर्ष |
| ४ | वुद्धिमान गुरुङ | श्री तेल्लोक उमावि | आइ ए | ४५ | १८ वर्ष |
| ५ | निर्मला चौहान | श्री आदर्श प्रावि | आइ एड | ४१ | १७ वर्ष |
| ६ | राधिका भट्टराई | श्री आदर्श प्रावि | आइ एड | ३८ | ११ वर्ष |
| ७ | डम्वर कुमारी पोमू | श्री सरस्वती मावि | आइ एड | ३६ | १० वर्ष |
| ८ | सागर लिङदेन | श्री सरस्वती मावि | आइ एड | ४५ | २२ वर्ष |
| ९ | सरस्वती देवान | श्री वुङरुङ निमावि | वि एड | २८ | ५ वर्ष |
| १० | हरिकान्त झा | श्री वुङरुङ निमावि | वि एड | ४० | १४ वर्ष |
| ११ | प्रेम कुमारी चौहान | श्री इन्द्रवती प्रावि | आइ एड | ४१ | १३ वर्ष |
| १२ | निर्मला थापा | श्री इन्द्रवती प्रावि | आइ एड | २७ | ४ वर्ष |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची- ७

## विद्यार्थीहरुको नामावली

| क. सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | कक्षा | उमेर |
|---|---|---|---|---|
| १. | तेल्लोक उ. मा. वि. तेल्लोक | विनिता भट्टराई | ५ | १० |
| २. | तेल्लोक उ. मा. वि. तेल्लोक | सञ्जु पौडेल | ४ | ११ |
| ३. | तेल्लोक उ. मा. वि. तेल्लोक | कविता थेवे | ३ | ८ |
| ४. | लक्ष्मी नि. मा. वि. , सिकैचा | शेरधन काङ्वा | ३ | ११ |
| ५. | लक्ष्मी नि. मा. वि. , सिकैचा | कविता काङ्वा | ४ | १० |
| ६. | लक्ष्मी नि. मा. वि. , सिकैचा | पार्वता लिम्बू | ५ | ८ |
| ७. | आदर्श प्रा. वि., आम्वेजुदिन | दिनेश पौडेल | ४ | ११ |
| ८. | आदर्श प्रा. वि., आम्वेजुदिन | प्रतिमा थेवे | ४ | १० |
| ९. | आदर्श प्रा. वि., आम्वेजुदिन | रञ्जु थेवे | ३ | १० |
| १०. | सरस्वती मा. वि., साव्लाखु | शान्ति मास्के | ३ | ८ |
| ११. | सरस्वती मा. वि., साव्लाखु | तेज कुमारी लिम्बू | ३ | ८ |
| १२. | सरस्वती मा. वि., साव्लाखु | बसन्ता मिश्र | ४ | ९ |
| १३. | बुङ्रुङ नि. मा. वि., आङ्खोक | कविता थापा | ४ | ८ |
| १४. | बुङ्रुङ नि. मा. वि., आङ्खोक | पुष्पा राई | ४ | ९ |
| १५. | बुङ्रुङ नि. मा. वि., आङ्खोक | सृजना राई | ५ | ७ |
| १६ | इन्द्रावती प्रा. वि., सादेवा | कञ्चन डाँगी | ५ | १३ |
| १७ | इन्द्रावती प्रा. वि., सादेवा | सुमित्रा चौहान | ४ | १० |
| १८. | इन्द्रावती प्रा. वि., सादेवा | प्रमिला विष्ट | ३ | ८ |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची- ८

## अभिभावकको नाम

| क्र. सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | गंगा राम भट्टराई | तेल्लोक-७ |
| २. | कृतिलाल काङ्वा | सिकैचा-१ |
| ३. | दुर्योधन पौडेल | आम्मेगुदिन–१ |
| ४. | गुप्ति मास्के | साम्लाखु–४ |
| ५. | दिपक थापा | आम्खोप-४ |
| ६. | पदमराज डाँगी | सादेवा |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची - ९

## छनोटमा परेको वि. व्य. स. अध्यक्षहरु

| क्र. सं. | नाम, थर | विद्यालय | ठेगाना | उमेर | योग्यता |
|---|---|---|---|---|---|
| १. | सुरेन्द्र थेवे | तेल्लोक उ. मा. वि. तेल्लोक | तेल्लोक-७ | ४२ | आइ एड. |
| २. | मान बहादुर काङ्वा | लक्ष्मी नि. मा. वि. , सिकैचा | सिकैचा-१ | ५० | अ. एस. एल. सी. |
| ३. | प्रेमराज थेवे | आदर्श प्रा. वि., आम्वेजुदिन | आम्मेगुदिन–१ | ४८ | एस. एल. सी. |
| ४. | पदम बहादुर लिङ्देन | सरस्वती मा. वि., साव्लाखु | साम्लाखु–४ | ३६ | आइ. ए. |
| ५. | सरस्वता चौहाल | बुङरुङ नि. मा. वि., आङ्खोक | आम्खोप-४ | ३२ | एस. एल. सी. |
| ६. | रत्न बहादुर राई | इन्द्रावती प्रा. वि. सादेवा | सादेवा | ४९ | एस. एल. सी. |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची- १०

## औजार निर्माणको खाका

| क. स. | अनुसन्धानमूलक प्रश्नहरु | उत्तरदाता/ सूचानाको स्रोत | साधन |
|---|---|---|---|
| १. | विद्यालयमा पुरस्कारको व्यवस्था के-कस्तो छ ? | वि. व्य. स. अध्यक्ष, प्र.अ. शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वार्ता, प्रश्नावली , कक्षा अवलोकन, घटना अध्ययनन र अभिलेख अध्ययन |
| २. | विद्यालयमा पुरस्कार कस्तो कस्तो अवस्थामा दिने गरिन्छ ? | प्र.अ., शिक्षक, विद्यार्थी | अन्तर्वार्ता, प्रश्नावली, घटना अध्ययन फारम कक्षा अवलोकन |
| ३. | उत्प्रेरणाका लागि पुरस्कार सम्बन्धी सरोकारवालाहरुको धारणा के कस्तो रहेको छ ? | वि. व्य. स. अ., प्र. अ., शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वार्ता, प्रश्नावली घटना अध्ययन फारम |
| ४. | विद्यालयमा कस्तो-कस्तो प्रकारको दण्ड र पुरस्कार दिने गरिन्छ ? | प्र. अ., शिक्षक, विद्यार्थी | घटना अध्ययन, अन्तर्वार्ता प्रश्नावली |
| ५. | विद्यालयमा पुरस्कार किन दिने गरिन्छ ? | वि. व्य. स. अध्यक्ष र प्र. अ., शिक्षक, अभिभावक | अन्तर्वार्ता, प्रश्नावली, घटना अध्ययन फारम |
| ६. | उत्प्रेरणाका लागि पुरस्कारले विद्यार्थीहरुमा के-कस्तो प्रभाव पारेको छ ? | वि. व्य. स. अध्यक्ष र प्र. अ., शिक्षक, अभिभावक | अन्तर्वार्ता, प्रश्नावली, अभिलेख अध्ययन , घटना अध्ययन |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची- ११

## कक्षा शिक्षण अवलोकन फारम

विद्यालयको नामः कक्षा :-

शिक्षकको नामः विषयः-

| क. स. | अवलोकन गरिने विषय वस्तु | अनुसन्धानकर्ताको प्रतिक्रिया |
|---|---|---|
| १. | कक्षामा प्रवेश गर्दा<br>● तोकिएको समयभित्र<br>● तोकिएको भन्दा पछिको समय<br>● तुरुन्त<br>● केही समय पछि हाजिरी<br>● हाजिरी गर्दा पुरस्कार / दण्ड<br>● हाजिरी गर्दा पुरस्कार / सम्बलन<br>● हातमा लट्ठी / कापी कलम<br>● शिक्षण गर्दा बोलीको नम्रता<br>● शिक्षण गर्दा बोलीको खस्रोपन<br>● माया, ममता , स्नेह, सम्बलन | |
| २. | कक्षा कार्य / गृहकार्य<br>● जाँच गर्ने गरेको / नगरेको<br>● जाँच गरेपछि शिक्षकले विद्यार्थीलाई गर्ने कार्य<br>● गृहकार्य र कक्षा कार्य गर्ने विद्यार्थीहरुलाई पुरस्कार<br>● गृहकार्य र कक्षाकार्य गर्ने विद्यार्थीहरुलाई पुरस्कार दिने | |

| | | |
|---|---|---|
| ३. | पुरस्कारको व्यवस्था<br>● नियमित समयमा प्राथना आउने (पुरस्कार)<br>● कक्षा कोठाभित्र समयमा बस्ने (पुरस्कार)<br>● कक्षा कोठाभित्रको वातावरण शान्त (पुरस्कार)<br>● कक्षा शिक्षणमा अनुसाशित भएमा (पुरस्कार)<br>● विषयवस्तुमा चासो राख्ने र नराख्नेलाई (पुरस्कार) | |
| ४. | कस्तो अवस्थामा उत्प्रेरणा दिने ?<br>● कक्षा कार्य र गृहकार्य नियमित गरेमा<br>● विद्यालयमा नियमित आएमा<br>● कक्षामा अनुशासीत भएर बसेमा<br>● शिक्षकले भने अनुसारको काम गरेमा<br>● पढाइमा राम्रो प्रगति / सुधार गरेमा<br>● परीक्षामा र सह तथा अतिरिक्त क्रियाकलापमा प्रथम, द्धितीय, तृतीय भएमा<br>● शिक्षकहरुको प्यारो भएमा<br>● शिक्षकहरुसगै नजिक भए पछि | |
| ५. | कस्तो प्रकारको पुरस्कार दिने<br>● आर्थिक (नगद / चेक)<br>● भौतिक (किताव, कपी, कमल, प्रशंसा पत्र, मेडल)<br>● सम्बलन (स्याबास, धन्यवाद, राम्रो , धेरै राम्रो, | |

| | | |
|---|---|---|
| | प्रशंसा गर्ने, शरीरमा हातराखी धापमार्ने । | |
| ६. | उत्प्रेरणाको लागि पुरस्कारले विद्यार्थीहरुम पारेको प्रभाव<br>● सकारात्मक (राम्रो, प्रगतिउन्मुख)<br>● नकारात्मक (नराम्रो, कमजोर हतोत्साहित, विद्यालय आउन छाडेको) | |
| ७. | कमजोर विद्यार्थीसंगै शिक्षकको सम्बन्ध<br>● राम्रो, नराम्रो, नजिक, टाडा<br>● हौसला र हतोत्साहित / निरुत्साहित | |
| ८. | जेहन्दार विद्यार्थी र शिक्षक बीचको सम्बन्ध<br>● राम्रो , नराम्रो , नजिक , टाडा<br>● हौसला र हतोत्साहित | |
| ९. | पुरस्कार पाए पछि विद्यार्थीको स्वभाव<br>उत्साहित, न्यास्रो र हँसिलो | |
| १०. | पुरस्कार पाए पछि विद्यार्थी र शिक्षक बीचको सम्बन्ध<br>● नजिक<br>● टाडा<br>● डराएको<br>● नडराएको | |
| ११. | कक्षा शिक्षण पछि शिक्षकको बोली, स्वभाव<br>● रुखो र रिसाहा<br>● नम्र र स्वभावशाली<br>● गाली गर्ने नगर्ने<br>● धन्यवाद प्रकट गर्ने | |

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची- १२

## उत्प्रेरणाका लागि पुरस्कार पाउने विद्यार्थीहरुका लागि घटना अध्ययन निर्देशिका

विद्यार्थीको नाम :- छात्र/ छात्रा

ठेगाना :- उमेर

कक्षा :-

१. परिवार संख्या :-

२. परिवारिक अवस्था :-

३. परिवारका सदस्यहरुको पेशा :-

(बाबु, आमा, दाजु, दिदी)

४. विद्यार्थी भर्ना भए देखि उसको पढाई ?

५. विद्यालयमा उत्प्रेरणाको व्यवस्था नीति, नियम :-

६. उत्प्रेरणाका लागि पुरस्कारको व्यवस्था के ? कस्तो ? र किन ?

७. पुरस्कारको आकार

आर्थिक के- के ......

भौतिक के-के .......

शाब्दिक के-के ......

अन्य के-के......

८. पुरस्कार सम्बन्धी विद्यार्थीको धारणा कस्तो ? किन ? कसरी ?

९. पुरस्कार प्रति विद्यार्थीको सोचाइ कस्तो ? किन ?

१०. विद्यालयमा उत्प्रेरणाका लागि पुरकार दिने किन ?

११. उत्प्रेरणाले पारेको प्रभाव :-

सकारात्मक :- ......

नकारात्मक :-

१२. पुरस्कार कस्तो हुनु पर्छ ?

१३. उत्प्रेरणाका लागि पुरस्कार नियमित कति ? कहिले देखि ? किन पाउने गरेको ?

१४. कुन कुन विषयमा पुरस्कार पाउने गरेको ?

# शिक्षण सिकाइमा उत्प्रेरणा

## अनुसूची -१३

## उत्प्रेरणाका लागि पुरस्कार पाउने विद्यार्थीहरुको अभिलेख अध्ययनबाट प्राप्त विवरण

| क्र. सं. | अनुसन्धानमूलक प्रश्नहरु | सूचनाको स्रोत (पुरस्कार पाउने) |
|---|---|---|
| १. | विद्यालय हाजिरी | कुनै-कुनै दिन बाहेक हरेक दिन हाजिरी उपस्थिती |
| २. | कक्षागत हाजिरी | सबै विषयमा उपस्थित हुने |
| ३. | अनुशासन | अनुशासन रहने |
| ४. | बानी, व्यवहार र स्वभाव | बानी व्यवहार उत्तम वा राम्रो शिक्षकसंगै नम्र स्वभाव, सार्थीहरुसंग मेलमिलाप भएको |
| ५. | शैक्षिक विवरण | अनिवार्य विषयमा ६० प्रतिशत भन्दा बढी प्राप्ताङ्क ल्याउने र अन्य विषयमा ६५ % भन्दा बढी ल्याउने गरेको र शैक्षिक स्थिती उच्च र सराहनीय |
| ६. | विषयगत विवरण | अनिवार्य विषयहरुम ३२ उत्तीणौङ्कमा ६० भन्दा बढी प्राप्ताङ्क आएको |
| ७. | सह तथा अतिरिक्ति क्रियाकलापको विवरण | अतिरिक्त क्रियाकलापमा नियमित भाग लिने |
| ८. | नीति नियमको पालना | अतिरिक्त क्रियाकलपमा नियमित भाग लिने |
| ९. | अफिसमा उपस्थित | आफै कामले मात्र अफिसमा जाने |
| १०. | अन्य विवरण | पढाइमा उत्साहित हुने, पढ्ने बाँनीको विकास हुने, हौसला जाग्ने, सकारात्मक सोच हुने । |